# हेलम्बु गाउँपालिका

# राजस्व सुधार कार्ययोजना

## REVENUE IMPROVEMENT ACTION PLAN

(२०७८/७९ देखि २०८०/८१)

## गाउँकार्यपालिकाको कार्यालय

### हेलम्बु, सिन्धुपाल्चोक

### बाग्मती प्रदेश, नेपाल

| दस्तावेज /प्रतिवेदन | |
|---|---|
| दस्तावेज | : हेलम्बु गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
| सहयोगी संस्था | : प्रदेश सुशासन केन्द्र, वाग्मती प्रदेश |
| परामर्श सहयोगी संस्था | : स्कोलर नेपाल प्रा.लि. काठमाडौ |
| मिति | : २०७८ |

# कृतज्ञता

....................

**निमा ग्याल्जेन शेर्पा**
**अध्यक्ष**

# शुभकामना

कोपिला पण्डित
उपाध्यक्ष

## विषय सूची


| क.सं. | शिर्षक | पेज नं. |
|---|---|---|
| **१** | **परिच्छेद – एक : परिचय** | **६** |
| १.१ | पृष्ठभूमि | ६ |
| १.२ | राजस्व सुधार कार्ययोजनाको औचित्य | ७ |
| १.३ | उद्देश्य | ८ |
| १.४ | तर्जुमा विधि र प्रक्रिया | ८ |
| १.५ | अध्ययनको सीमा | १० |
| **२** | **परिच्छेद - दुई : पालिकाको वस्तुस्थिति** | **११** |
| २.१ | भौगोलिक अवस्थिति | ११ |
| २.२ | राजनीतिक तथा प्रशासनिक विभाजन | ११ |
| २.३ | जनसंख्या विवरण | ११ |
| २.४ | आर्थिक अवस्था | १२ |
| २.५ | भौतिक पूर्वाधारमा पहुँच | १३ |
| २.६ | पालिकाको संगठनात्मक ढाँचा | १४ |
| २.७ | पालिकाको वित्तिय अवस्था | १४ |
| **३** | **परिच्छेद - तीन : राजस्व सम्वन्धी पालिकाको विद्यमान अवस्था** | **१५** |
| ३.१ | गाउँपालिकाको राजस्व ऐन, कानून | १५ |
| ३.२ | राजस्व व्यवस्थापन तथा परिचालन सम्वन्धी नीति कार्यक्रम | १५ |
| ३.३ | राजस्व प्रशासन सम्वन्धित जनशक्ति | १५ |
| ३.४ | राजस्व प्रशासन प्रक्रियागत व्यवस्था | १६ |
| ३.५ | विगत तीन वर्षको आय | १६ |
| **४** | **परिच्छेद - चार : पालिकको राजस्व सम्वन्धी अधिकार** | **१८** |
| ४.१ | संवैधानिक व्यवस्था | १८ |
| ४.२ | कानूनी व्यवस्था | १८ |
| **५** | **परिच्छेद - पाँच : राजस्व सङ्कलनको विद्यमान अवस्था र सम्भाव्यता विश्लेषण** | **२०** |
| ५.१ | कर राजस्वको आधार र दररेट | २० |
| ५.२ | करयोग्य सम्पत्तिको मुल्याङकनको अवस्था | २० |
| ५.३ | राजस्वको दायरा | २१ |
| ५.४ | राजस्व प्रशासन तथा सङ्कलन | २१ |
| ५.५ | आन्तरिक राजस्व परिचालनको अवस्था | २१ |
| ५.६ | पालिकाको आन्तरिक आय अनुमान र यथार्थ संकलनको अवस्था | २३ |
| ५.७ | पालिकाका प्रमुख राजस्व श्रोतहरु | २४ |
| ५.८ | संस्थागत क्षमता | २७ |
| ५.९ | राजस्व सम्वन्धी प्रमुख सवालहरु | २७ |
| **६** | **परिच्छेद - छ : राजस्व सुधार कार्ययोजना तर्जुमा** | **२८** |
| ६.१ | कर राजस्व सुधार योजना तर्जुमा | २८ |
| ६.२ | गैरकर राजस्व सुधार योजना तर्जुमा | ३१ |
| ६.३ | राजस्व प्रशासन सुधार योजना तर्जुमा | ३४ |
| **७** | **परिच्छेद - सात : त्रिवर्षीय राजस्व प्रक्षेपण** | **३७** |
| ७.१ | राजस्व प्रक्षेपणको आधार | ३७ |
| ७.२ | आगामी तीन वर्षको राजस्व प्रक्षेपण | ३८ |
| **८** | **परिच्छेद - आठ : राजस्व सुधार कार्ययोजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन** | **४१** |
| ८.१ | कार्ययोजनाको कार्यान्वयन | ४१ |
| ८.२ | कार्ययोजनाको अनुगमन तथा मुल्याङकन | ४१ |
|  | **अनुसूचीहरु** | ४३ |
| १ | सूचना तथा तथ्याङ्क सङ्कलन फारम | ४४ |
| २ | कार्यक्रमका झलकहरु/पालिकाबाट प्राप्त पत्रको प्रतिलिपि | ५४ |

# परिच्छेद- एक : परिचय

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पूरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेको छ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएको छ । यस बाहेक स्थानीय तहले संविधान र संघीय कानुन बमोजिम नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने व्यबस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्न र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु पर्ने आवश्यकता अपरिहार्य भएको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै आधारमा प्रदेश सुशासन केन्द्रको सहयोगमा **हेलम्बु** गाउँपालिकाको राजस्व सुधार कार्ययोजना **(Revenue Improvement Action Plan- RIAP)**तर्जुमा तयार पारिएको छ । आगामी ३ वर्षका लागि तयार पारिएको यो कार्ययोजना तर्जुमाको कममा सम्वन्धित सवै पक्षहरुसंग व्यापक छलफल, अन्तरक्रिया र विस्तृत अध्ययन भएको छ र सोही अनुसार प्रतिवेदन तयार पारिएको छ । यस कार्यमा प्राविधिक सहयोग गर्ने संस्था **"**स्कोलर नेपाल **(Scholar Nepal)"** काठमाडौको अमूल्य योगदान छ ।

कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य, उद्देश्यलाई मनन गरिएको छ । त्यसैगरी नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन, २०७४ मा व्यवस्था गरिएको वित्तीय अधिकार क्षेत्रमा रही पालिकाको तीन वर्षिय राजस्व सुधार कार्ययोजना तर्जुमा भएको छ । कार्ययोजना तर्जुमा गर्दा पालिकाको आर्थिक ऐन, २०७८ र पालिकाको वित्तीय नीति कार्यक्रमलाई आधार मानिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशील कर प्रणाली जस्ता पक्षहरुलाई आत्मसाथ गरिएको छ र राजस्वको क्षेत्र तथा दायरालाई फराकिलो पार्दै न्यून कर दररेटमा जोड दिइएको छ । राजस्व प्रशासनलाई प्रभावकारी पार्दै छिटो प्रतिफल अर्थात पूँजी अभिवृद्धि हुने क्षेत्रहरुमा राजस्व परिचालन गर्ने नीति समेत पालिकाले अङ्गिकार गरेको छ ।

पहिलो पटक **हेलम्बु** गाउँपालिकाको समग्र वित्तीय तथा राजस्व अवस्था सम्बन्धमा प्राप्त सूचना तथा तथ्याङ्कहरुको वस्तुनिष्ट अध्ययन, विश्लेषणको आधारमा गाउँपालिकाको राजस्व क्षेत्रका लागि लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम सहित तयार गरिएको ३ वर्षीय राजस्व सुधार कार्ययोजना (२०७८/७९-२०८०/८१)

यस गाउँपालिकाको आन्तरिक राजस्व अभिबृद्धिका लागि एक महत्वपूर्ण र मार्गदर्शक दस्तावेज हुने बिश्वास गरिएको छ ।

## १.२ राजस्व सुधार योजनाको औचित्य

क) **वढ्दो जनआकांक्षाको सम्वोधन र परिपूर्ति गर्ने** : स्थानीय तहका सरकार तथा जनप्रतिनिधिहरुलाई एकातिर चुनावमा गरिएका प्रतिवद्धताहरु पूरा गर्नुपर्ने वाध्यात्मक अवस्था छ भने अर्कोतर्फ नागरिकमा वढ्दो आवश्यकता, इच्छा र आकांक्षाहरुलाई क्रमशः सम्वोधन गर्नुपर्ने वाध्यता छ । न्यूनतम भौतिक एवं सामाजिक पूर्वाधारहरुको उपलव्धताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा जनचाहना अभिवृद्धि हुनु स्वभाविकै मान्न सकिन्छ । साथै आर्थिक सामाजिक समृद्धि, गरिवी न्यूनीकरण, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि जनप्रतिनिधिहरुमा ठूलो दवाव श्रृजना भएको छ । जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह नै भएकाले पनि जनताको विश्वास, भरोसा यसप्रति अधिक छ । तापनि विद्यमान अवस्थामा सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता स्थानीय तहसंग सीमित छ र जनताका अधिक अपेक्षाहरु पूरा गर्न दिगो र भरपर्दो राजस्व श्रोतको अपरिहार्यता छ ।

ख) **संवैधानिक एवं कानुनी अधिकारको उपयोग गर्ने**: नेपालको राज्य संरचना मुलत तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड गरिएको छ । राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । परम्परागत ढङ्गवाट परिचालित हुँदै आएका स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो छ र क्रमिक रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने छ । संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम सञ्चालन गर्दै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान, परिचालन गर्नुपर्ने भएको छ । यसै सन्दर्भमा संघ र प्रदेशवाट दिइने अनुदानहरु पनि क्रमशः न्यून छ । नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ वाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था भएको छ । सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ ।

ग) **स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने** : विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्यता छ । यससंग जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त जस्तै छ । स्थानीय तह आफै सरकार भएकाले सरकार परिचालनका लागि पनि राजस्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता अरु जरुरी छ । नेपालको संविधान र कानुनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधिभित्र रही दिगो रुपमा राजस्व सङ्कलन र परिचालनका क्षेत्रहरु पहिचान गर्नुपर्ने अभिभारा पनि स्थानीय तहकै छ । यस सन्दर्भमा राजस्व सङ्कलनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानुनमा छ । यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

घ) **राजस्व अभिवृद्धिका रणनीति कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुने**: स्थानीय तहको राजस्व सङ्कलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यमकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, गाउँपालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व श्रृजना गरी र कार्यपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ ।

## १.३ उद्देश्य

**हेलम्बु** गाउँपालिकाको आन्तरिक विद्यमान आयको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दिगो र भरपर्दो श्रोतहरुको पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन वित्तीय नीति तथा कार्यक्रम तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यसका साथै राजस्व सुधार कार्ययोजना तर्जुमाका अन्य सहायक उद्देश्यहरु निम्न अनुसार छ ।

क) राजस्व सुधारका सम्वन्धमा संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था गरिएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा पालिकाका पदाधिकारी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख) **हेलम्बु** गाउँपालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व सङ्कलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ सङ्कलनको फरक पहिचान, समीक्षा, विश्लेषण गर्ने ।

ग) **हेलम्बु** गाउँपालिकाको आन्तरिक श्रोतहरुको अवस्था विश्लेषण गरी राजस्व सुधार कार्ययोजना सहित आगामी तीन वर्षका लागि आय प्रक्षेपण गर्ने ।

घ) आन्तरिक श्रोत अभिवृद्धिका लागि पालिकाको वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने ।

## १.४ योजना तर्जुमा बिधि र प्रकिया

**हेलम्बु** गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्नानुसारका विधि र प्रक्रियाहरु अवलम्वन गरिएको थियो ।

### क) पहिलो चरण : सन्दर्भ सामग्रीको अध्ययन

अध्ययन कार्यको पहिलो चरणमा स्थानीय तहको वित्तीय क्षेत्रसंग सम्वन्धित सन्दर्भ सामाग्रीहरुको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यसक्रममा सङ्कलित एवं अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरुमा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या २०७४, गाउँपालिकाको वस्तुगत विवरण (पार्श्वचित्र), गाउँपाालिकाको आ.व.०७७/७८ को नीति कार्यक्रम तथा बजेट, गाउँपालिकाको आर्थिक ऐन, परिवर्तित संरचना अनुसार विभिन्न मन्त्रालयहरुले निष्कासन गरेको कार्यविधि, दिग्दर्शन, एवं नमूना ऐन कानुनहरु, प्रदेश वित्त व्यवस्थापन ऐन २०७४, प्रदेशको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७४, प्रदेशको ढुङ्गा गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थ सङ्कलन उत्खनन कार्यविधि २०७५ रहेका थिए ।

**ख) दोश्रो चरण : प्रश्नावली तथा फारम विकास**

**हेलम्बु** गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि प्रारम्भिक एवं दोश्रो तहवाट सूचना तथा तथ्याङ्क सङ्कलनका लागि फारम तथा प्रश्नावलीहरु विकास गरिएको थियो । फारममा करदाता, सरोकारवाला एवं गाउँपालिकाको राजस्वसंग सम्वन्धित विविध पक्षहरु समेटिएको छ । यसरी तयार पारिएको फारमको नमूना यसै प्रतिवेदनको अनुसूचीमा १मा उल्लेख गरिएको छ।

**ग) तेश्रो चरण : अभिमुखीकरण कार्यक्रम**

राजस्व सुधार कार्ययोजना तर्जुमा सम्वन्धी अभिमुखीकरण कार्यक्रम मिति २०७८।३।१ गते विद्युतीय प्रविधि मार्फत जुम मिटिङ (zoom) आयोजना गरिएको थियो । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँकार्यपालिकाका पदाधिकारी एवं सदस्यहरु, राजस्व परामर्श समितिका सदस्य लगायत कर्मचारीहरुको सहभागितामा रहेको थियो । सो कार्यक्रमलाई परामर्शदाता संस्थाको तर्फवाट सहजकर्ता मण्डुवावु अधिकारी, डा.नारायण बास्कोटा, नरेन्द्र विक्रम के.सी., सोनी थापाले सहजीकरण गर्नुभएको थियो भने प्रदेश सुशासन केन्द्र बाग्मती प्रदेशका तर्फवाट सिपि सिग्देल ले प्रदेश सुशासन केन्द्रको स्थापना र यसले पालिकाहरुलाई उपलब्ध गराउने सहयोग, कार्यक्रमको महत्व, कानुनी प्रावधान लगायत राजस्व सुधार कार्ययोजनाको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । साथै सो कार्यक्रममा सहजकर्ताहरुवाट राजस्व सुधार कार्ययोजना सम्बन्धी तथ्याङ्क सङ्कलनको फारम, तथ्याङ्क सङ्कलनको प्रक्रिया, राजस्व सुधारका उपायहरुका वारेमा प्रस्तुती गर्नु भएको थियो ।

**घ) चौथौ चरण : सूचना सङ्कलन तथा विश्लेषण**

अध्ययनका लागि **हेलम्बु** गाउँपालिकाका शाखाहरु, सरोकारवाला पक्षहरुसँग समन्वय गरी राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि आवश्यक सूचनाहरु सङ्कलन गरिएको थियो । सङ्कलित तथ्याङ्कलाई कम्प्युटरमा अभिलेखीकरण गर्दै तालिका, ग्राफचार्ट जस्ता विधिवाट सूचनाको विश्लेषण गरिएको छ ।

**ङ) पाँचौ चरण : कार्यशाला गोष्ठी आयोजना**

राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न **हेलम्बु** गाउँपालिकामा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कोभिड-१९ का कारण कार्यशाला गोष्ठि सुरक्षाका सवै विधिहरु मास्क लगाउने, हात सेनिटाइज गर्ने, भौतिक दूरी कायम राख्दै कार्यशाला गोष्ठि आयोजना गरिएको थियो । आयोजित कार्यशाला गोष्ठिमा विशेष गरी पालिकाको आर्थिक ऐन, अचल सम्पत्तिको मूल्याङ्कन तथा मूल्य निर्धारण, राजस्वका आधारहरु एवं राजस्वका दररेट विश्लेषण परिमार्जन, र राजस्व प्रशासन सुधार सम्वन्धी विषयहरुमा छलफल भएका थिए ।

**च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी**

प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई तथ्याङ्कीय औजारहरु तथा विधि (Statistical tools and techniques) तथा सूत्रहरुको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विशलेषण भएका तथ्यहरुलाई तालिका, ग्राफचित्र जस्ता विधिहरुबाट प्रस्तुत गर्दै राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयार पारिएको थियो ।

**छ) सातौ चरण : मस्यौदा प्रतिवेदन प्रस्तुति र छलफल**

कार्यशाला गोष्ठीको निष्कर्ष र विषय विज्ञहरुसंगको परामर्श छलफलवाट प्राप्त सुझावहरुको आधारमा तयार पारिएको मस्यौदा दस्तावेज माथि गाउँपालिकाको थप राय सुझावका लागि कार्यक्रम आयोजना गर्दै मस्यौदा प्रतिवेदन प्रस्तुति गरिएको थियो । प्राप्त प्रतिक्रियालाई समायोजन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको थियो । बिश्वव्यापी रुपमा फैलिएको कोराना महामारीको जोखिमका कारण मस्यौदा प्रतिवेदनलाई सूचना

प्रविधिमा आधारित प्रविधिवाट (दूर अन्तरक्रिया कार्यशाला) प्रस्तुतीकरण गरी पालिका एवं सरोकारवालाहरुबाट थप राय सुझाब तथा पृष्ठपोषण लिइएको थियो ।

**ज) अन्तिम प्रतिवेदन स्वीकृती**

कार्ययोजना प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी **हेलम्बु** गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाको अन्तिम प्रतिवेदन तयार परिएको थियो । यसरी तयार पारिएको कार्ययोजनालाई गाउँकार्यपालिकाको बैठकवाट स्वीकृत गरिएको थियो ।

## १.५ अध्ययनको सीमा

राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक भएता पनि सीमित श्रोत साधन, विगतका वर्षहरूका सूचनाहरुको अभाव, सीमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका छन् :

क) **हेलम्बु** गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रतिवेदन मूलत कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्धितीय श्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार पारिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्य पालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।

ख) **हेलम्बु** गाउँपालिकाको आन्तरिक आय तथा श्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क सङ्कलन फारम अनुसार प्राप्त तथ्याङ्कहरु विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट सङ्कलन गरिएको छ ।

ग) **हेलम्बु** गाउँपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका श्रोत सम्बन्धी तथ्याङ्कहरु सङ्कलन गरिएको छ ।


घ) **हेलम्बु** गाउँपालिकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, गाउँपालिकाको सेवामा हुने वृद्धि र नागरीक सन्तुष्टिमा हुने वृद्धि आदि पक्षहरूले भविष्यको राजस्व सङ्कलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा **हेलम्बु** गाउँपालिकाको राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

च) कोभिड १९ को विश्वव्यापी महाव्याधी र बन्दाबन्दीको कारण **हेलम्बु** गाउँपालिकाका पदाधिकरी तथा कर्मचारीहरुका लागि अभिमुखीकरण कार्यक्रम तथा राजस्व प्रशासनमा सम्लग्न कर्मचारीहरुको लागि तालिम कार्यक्रमहरु भरच्यूल भएका छन् ।

# परिच्छेद दुई
# गाउँपालिकाको वस्तुस्थिति

## २.१ भौगोलिक अवस्थिति, राजनीतिक तथा प्रशासनिक विभाजन




**हेलम्वु** गाउँपालिका उत्तर तर्फ चिनको स्वशासित क्षेत्र तिव्वत, दक्षिण तर्फ मेलम्ची नगरपालिका,उत्तर पुर्व तर्फ नुवाकोट जिल्ला र पश्चिम तर्फ पाँचपोखरी गाउँपालिका पर्दछ । यो पालिकामा बिभिन्न जातीका मानिसहरुको बसोवास रहेता पनि ह्योल्मो जातीको बाहुल्यता छ । यस ठाउँमा ह्योल्मोहरुको अलवा अन्य शेर्पा, तामाङ, क्षेत्री, बाहुन, कामी दमाइ सार्की लगायतका जातिहरुको पनि बसोवास गर्छन । यो गाउँपालिकाको नाम ह्योल्मो जातीको पहिचान खुल्ने गरी हेलम्वु नामाकरण भएको मान्न सकिन्छ। यस गाउँपालिकाभित्र ७ वटा वडाहरु रहेका छन्। यसमा साबिकको हेलम्वु गाबिस वडा नं १ हो भने किउल २, पाल्चोक ३ नं वडा हो भने साविकको महाँकाल गाबिस वडा नं ४ र ५ मा बिभाजित छ। त्यस्तै गरी वडा नं ६ र ७, साबिकको इचोक गाबिसमा पर्दछ।

हेलम्बु पर्यटकीय क्षेत्रको रुपमा परिचित छ । हिमालको दृष्य, शेर्पा जातीको बसोवास, रहनसहन र रितिरिवाजले बाह्य पर्यटकहरु आकर्षित हुने गरेका छन । यो क्षेत्र धार्मिक पर्यटकीय स्थल पनि हो । यस ठाउँमा बिभिन्न समयमा धार्मिक गुरुहरुले ध्यान गर्ने गरेको र त्यति बेला धार्मिक गुरुहरुले यस क्षेत्रको भ्रमण समेत गरेको किम्वदन्तिहरु पाइन्छ।

यहाँका मानिसहरुको मुख्य पेशा कृषि हो । यो गाउँपालिकाको माथिल्लो भेगमा परम्पारगत जातका आलु मुलाहरु लगाउने चलन थियो र अहिले पनि कायमै छ।पसुपालनमा भेडच्याँग्रा, चौरी पाल्ने चलन छ। हेलम्बु गाउँपालिकाको शेर्माथान, मेलम्ची घ्याङ तार्के घ्याङ लगायतका ठाउँहरुबाट कामको शिलशिलामा धेरै जसो मानिसहरु भारतको बिभिन्न शहरहरु लगायत युरोपमा समेत आवत जावत गर्छन।

मेलम्ची नदीले यो गाउँपालिकालाइ एउट शुन्दर उपत्यकामा परिणत गरेको छ। मेलम्चीको नदी एका तर्फ हेलम्बु, किउल, पाल्चोक र अर्का तर्फ इचोक, महाँकाल रहेको छ । यो पालिकाको मध्य भाग बाट बग्ने मेलम्ची नदीले नदी किनारमा समथर मलिलो भु-भागहरुको निर्माण गरेको छ।

## २.२ जनसंख्या विवरण

२०६८ सालको जनगणना अनुसार ४२०३ घर परिवार, १७५७१ कुल जनसंख्या र त्यसमा पुरुषको संख्या ८५६४ र महिलाको ९१०७ रहेको छ। हेलम्बु गाउँपालिकाले २०७५ सालमा गरेको घरधुरी सर्वेक्षण अनुसार कुल घरधुरी संख्या ४२८४ रहेको छ। यस गाउँपालिकामा महिलाको जनसंख्या ११०५४ र पुरुषको जनसंख्या १०७९९ भने कुल जनसंख्या २१८५३ छ । हेलम्बु गाउँपालिकाले गरेको सर्वेक्षण अनुसार उमेरगत जनसंख्यालाइ हेर्दा १०२३५ जना १९ बर्ष देखी ४५ सम्मका रहेका छन । यो उमेर समुह भनेको सवै भन्दा

आर्थिक उपार्जनमा संलग्न हुन सक्ने उमेर समुह हो । यो संख्या भनेको कुल जनसंख्याको प्रतिशतमा ४६.८३ हो ।

जनगणना अनुसार सबै भन्दा धेरै ३७६० वटा घरका छाना जस्ताले छाएका थिए भने १६४ घरमा ढुँगाको छानो थियो । १२६ वटा घरमा खर पारालले छाएको र ५८ वटा घरहरुमात्र आर.सी.सी थियो ।

इन्धन उपयोगको अवस्थालाई हेर्दा ६८.६८ प्रतिशत घरपरिवारले बिजुली बत्तिको प्रयोग गर्छन भने २४.६२ प्रतिशतले मट्टितेलको प्रयोग गर्छन ।

हेलम्बु गाउँपालिकाको अधिकाशं जमिन भिरपाखा छ । यहाँ समथर जमिन खास गरी पाल्चोक शेरा फाँट, गैरी खेत, अमिलो पानी महाँकालको शेरा, इचोकको गोहरे फाँट, महाँकाल फाँटहरु हुन । माथिल्लो भेगमा आलु खेती बढि हुन्छ भने मध्य भागमा मकै र कोदोको बढि खेती हुन्छ र तल्लो भेगमा धान गहुँ मकै कोदो तोरी आलु लगायत तरकारी खेती हुन्छ ।

खाद्यन्न आपुर्तिको अवस्था हेर्दा कृषि पेशामा संलग्न नहुने अर्थात आफ्नो कमाइ नै नहुने परिवार संख्या २३० रहेको छ । आफ्नो कमाइले तीन महिना मात्र खान पुग्ने १५४९ परिवार संख्या छ । ६ महिना मात्र खान पुग्ने संख्या ७६१ रहेको छ । नौ महिना खान पुग्ने ३६२ र एक वर्ष सम्म पुग्ने परिवार संख्या ८२४ रहेको छ भने आफुलाइ पुगेर बिक्री गर्ने परिवार संख्या १४९ रहेको पाइएको छ ।

## २.३ गाउँपालिकाको संगठनात्मक संरचना

**हेलम्वु** गाउँकार्यपालिका अन्तर्गत विभिन्न समिति, उपसमितिहरु गठन भई क्रियाशील छन् । विषयक्षेत्रगत समितिहरुमा आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, राजस्व परामर्श, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रम तर्जुमा जस्ता समितिहरु क्रियाशील छन् । त्यसैगरी कार्यपालिकामा ४७ जना कर्मचारीहरु कार्यरत छन् । कार्यपालिकामा प्रशासन, सूचना तथा प्रविधि शाखा, लेखा, प्राविधिक तथा योजना शाखा, स्वास्थ्य शाखा, कृषि शाखा, महिला वालवालिका, आदि शाखाहरुको व्यवस्था गरी वडा कार्यालय लगायत शाखाहरुमा आवश्यक कर्मचारीहरु कार्यरत छन् ।

## २.४ गाउँपालिकाको वित्तीय अवस्था

**हेलम्वु** गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७ मा रु. ६२ लाख आन्तरिक आम्दानी संकलन गरेको थियो भने आर्थिक वर्ष २०७७/७८ मा रु. ६५ लाख संकलन गरेको छ ।

## परिच्छेद - तीन
## राजस्व सम्वन्धी पालिकाको विद्यमान अवस्था

### ३.१ पालिकाको राजस्व ऐन, कानुन

हेलम्वु गाउँपालिकामा राजस्व परिचालनका लागि गाउँपालिकामा निम्न अनुसारका ऐन नियम, कानुन तथा कार्यविधीहरुको व्यवस्था गरिएको छ ।

- “घ” वर्गको निर्णाण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि,२०७५ लाई संशोधन गर्न बनेको कार्यविधि, २०७७
- हेलम्बु गाउँपालिकाको खानी तथा खनिज पदार्थ (व्यवस्थित गर्ने) ऐन २०७७
- हेलम्बु गाउँपालिकाको संस्था दर्ता तथा नियमन सम्बन्धि ऐन २०७७
- राजपत्र - हेलम्बु गाउँपालिकाको विनियोजन ऐन २०७७
- राजपत्र - हेलम्बु गाउँपालिकाको आर्थिक ऐन संशोधन गर्ने ऐन २०७७
- हेलम्बु गाउँपालिकाको केही सार्वजनिक लिखतहरुको प्रमाणिकरण कार्यविधि २०७७
- हेलम्बु गाउँपालिकाको साना जलविद्युत आयोजनाको विकास सम्बन्धी कार्यविधी ,२०७६
- सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि, २०७६
- आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि २०७६
- भवन निर्माण तथा योजना मापदण्ड २०७५
- नक्सापास कार्यविधि २०७५
- हेलम्बु गाउँपालिका डोजर तथा लोडर संचालन सम्बन्धि निर्देशिका २०७५
- एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५
- व्यवसाय दर्ता ऐन २०७५/७६

### ३.२ राजस्व व्यवस्थापन तथा परिचालन सम्वन्धी नीति कार्यक्रम

आ.व.२०७८/७९ को स्विकृति नीति तथा कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा देहाय बमोजिमको राजस्व नीति अवलम्वन गरी देहाय बमोजिमका कार्यकम तथा अभियानहरु सञ्चालन गर्ने गरी नीति कार्यक्रम स्विकृत गरिएको छ ।

- हेलम्बु गाउँपालिकामा पर्यटन तथा आन्तरिक स्रोत वृद्धि गर्नको लागि गाउँपालिका, स्थानीय वासिन्दा र निजी कम्पनीहरुको संयुक्त लगानीमा पर्यटन प्रवर्द्धनको लागि “हेलम्बु-गोसाईकुण्ड” केवलकारको निर्माण सँगै प्याराग्लाईडिङ, बञ्जीजम्पीङ, क्यानोनीङ संभाव्यता अध्ययन गर्ने कार्यक्रममा राखिएकोमा प्याराग्लाईडिङ, बञ्जीजम्पीङ, क्यानोनीङ अध्ययन गर्ने कार्य सम्पन्न भएको र केवुलकार संभाव्यता अध्ययन प्राविधिक कारणले गर्दा नसकिएकोले उक्त कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै अध्ययन भईसकेको प्याराग्लाईडिङ, बञ्जीजम्पीङ, क्यानोनीङ लाई सञ्चालनमा ल्याउन निजि क्षेत्रसँग समन्वय गरि छिटो भन्दा छिटो सञ्चालनमा ल्याईने छ ।
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगतमा पर्यटन गन्तव्यको रुपमा परिचत रहेको हेलम्बुमा पर्यटन गन्तव्य विकासको लागि धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा पर्या-पर्यटन विकासको लागि भूगोल र समुदायहरुमा छुट्टा छुट्टै होमस्टे सेवा संचालन कार्यक्रमलाई यस आ.व मा अगाडि बढाईने छ । गाउँपालिकाको विभिन्न समुदायको साँस्कृतिक महत्वलाई मध्यनजर गरि माथिल्लो भेगलाई ह्योल्मो

साँस्कृतिक होमस्टे तथा गुरुङ साँस्कृतिक रोधीघर, मध्य भेगमा तामाङ साँस्कृतिक हेरिटेज होमस्टे, तल्लो भेगमा आर्य साँस्कृतिक होमस्टे कार्यक्रमलाई निरन्तरता दिईने छ ।

### ३.३ राजस्व प्रशासनसंग सम्वन्धित जनशक्ति

यस गाउँपालिकाकाको राजस्व परिचालनको लागि आवश्यक नीतिगत सुझाव तथा अनुगमनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ बमोजिम पालिका उपाध्यक्षको नेतृत्वमा निजी क्षेत्रको प्रतिनिधित्व गर्नेसम्वन्धित संस्थाहरुको प्रतिनिधि समेत रहेको गाउँपालिकास्तरीय राजस्व परामर्श समिति गठन भइ क्रियाशील छ ।

**हेलम्बु** गाउँपालिकामा राजस्व हेर्ने भिन्दै शाखा, उपशाखा छैन र हाल यसको सवै काम लेखा शाखावाट हुदै आएको छ । राजस्व सङ्कलनमा गाउँपालिका बाहेक ७ वटा वडाका वडा सचिवहरुवाट राजस्व सङ्कलन तथा प्रशासन सम्बन्धी काम हुदै आएको छ ।

### ३.४ राजस्व प्रशासन प्रक्रियागत व्यवस्थाा

अध्ययनको क्रममा प्राप्त सूचना तथा जानाकारी, स्थलगत अवलोकन तथा सरोकारवालासंग गरिएको छलफलका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व परिचालनको प्रशासनिक व्यवस्था देहायअनुसार रहेको छ :

- लेखा शाखा मार्फत राजस्व सम्बन्धी काम भैरहेको ।
- आन्तरिक आय सम्बन्धि अभिलेख राख्ने,
- वडा कार्यालयहरुलाई रसिद दिने तथा वडा कार्यालयहरुबाट प्रतिवेदन प्राप्त गर्ने
- राजस्व सङ्कलनमा वडा कार्यालयहरुलाई आवश्यक सहजीकरण गर्ने
- वडाबाट सङ्कलन हुने मालपोत, पञ्जीकरण, शुल्क तथा सिफारिस दस्तुर आदी सङ्कलन गर्ने ।
- सङ्कलित रकम बैंक दाखिला गर्ने तथा मासिक रुपमा राजस्व सङ्कलनको विवरण राख्ने ।

### ३.५ विगत २ वर्षको आन्तरिक तथा बाह्रय आयको यर्थाथ विवरण

| क्र.सं. | आय शिर्षक | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| १.१ | कर राजस्व | | |
| | मालपोत वा भूमिकर | | १०००००० |
| | सम्पत्ति कर | ५०००००० | १०००००० |
| | व्यवसाय कर | | ५००००० |
| | सवारी कर | | |
| | घरजग्गा बहाल कर | | १०००००० |
| | विज्ञापन कर | | १०००००० |
| १.२ | गैरकर राजस्व | | |
| | दर्ता तथा नविकरण दस्तुर (सवै प्रकारको) | ७००००० | १०००००० |
| | दहत्तर बहत्तर | ५००००० | |
| | अन्य आय | | १०००००० |
| | **जम्मा आन्तरिक आय** | **६२०००००** | **६५०००००** |
| २. | **वाह्य स्रोत** | | |
| | संघ शशर्त अनुदान | ११४४०००००० | १५३१०००००० |
| | संघ समानीकरण अनुदान | १०९१०००००० | ११०४०००००० |

| क्र.सं. | आय शिर्षक | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| | संघ समपुरक अनुदान | ० | ० |
| | संघ विशेष अनुदान | ० | ७५००००० |
| | प्रदेश शशर्त अनुदान | १४३४००० | ९९९४००० |
| | प्रदेश समानीकरण अनुदान | ९८५७००० | २००२५००० |
| | प्रदेश समपुरक अनुदान | ० | ५३२६००० |
| | प्रदेश विशेष अनुदान | ० | ५०००००० |
| | राजश्व बाँडफाँड संघ | ५०१८१००० | ४९१०५००० |
| | राजश्व बाँडफाँड प्रदेश | २२२१९००० | २४४४१००० |
| | **जम्मा वाह्य श्रोत** | **३०७१९१०००** | **३८४८९१०००** |
| | **कूल आय** | **३१३३९१०००** | **३९१३९१०००** |

यस आधारमा हेलम्वु गाउपालिका आन्तरिक राजश्व परिचालनमा अत्यन्त कमजोर रहेको स्पष्ट देखिन्छ । यस अनुसार गाउपालिकाको कूल बजेट अर्थात आ.व.२०७६।०७७ मा कूल राजश्व परिचालन ३१ करोड ३३ लाख ९१ हजार रहेकोमा आन्तरिक आयको हिस्सा १.९७ प्रतिशत र आ.व.२०७७।०७८ मा कूल राजश्व परिचालन ३९ करोड १३ लाख ९१ हजारमा आन्तरिक राजश्वको योगदान केवल १.६६ प्रतिशतमा झरेको अवस्था देखिन्छ । यसै गरी आन्तरिक राजश्वको वृद्धिको अवस्था हेर्दा आ.व.२०७६।०७७ मा रु.६२ लाख संकलन भएकोमा आ.व.२०७७।०७८ मा ४.८३ प्रतिशत मात्र वृद्धि भई रु.६५ लाख आन्तरिक राजश्व परिचालन भएको अवस्था देखिन्छ ।

गाउपालिकाको आन्तरिक राजश्व परिचालनको अवस्थालाई सुधार गर्न गाउपालिकाको राजश्व नीतिमा समयसापेक्ष परिमार्जन, राजश्व अभिबृद्धिसंग सम्बन्धित कार्यक्रम, लगानी, जनशक्तिको क्षमता बिकास, प्रविधिको अधिकतम उपयोग, संस्थागत संरचनामा सुधार, करदाता प्रोत्साहन कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ ।

## परिच्छेद - चार
## पालिकाको राजस्व सम्वन्धी अधिकार

### ४.१ संवैधानिक अधिकार

नेपालको संविधान २०७२ को धारा ५७ मा राज्यशक्तिको बाँडफाँड सम्बन्धी व्यवस्था गरेको छ। यस अनुसार तीनवटै सरकारहरु (संघ, प्रदेश तथा स्थानीय) को अधिकारहरु उल्लेख छ। संविधानको धारा ६० मा आफ्नो अधिकार क्षेत्रभित्र तीनवटै सरकारले कर लगाउन तथा राजस्व सङ्कलन गर्नसक्ने व्यवस्थालाई थप व्याख्या गरिएको छ भने धारा ५७ अनुसारको राज्यशक्तिको बाँडफाँडको व्यवस्थालाई संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा तीन वटै सरकारहरुको अधिकारका विस्तृत रुपमा उल्लेख गरिएको छ। यसरी उल्लेखित अधिकार अन्तर्गत स्थानीय तहको राजस्व सम्वन्धी एकल एवं साझा अधिकार यसप्रकार छ।

| राजस्व अधिकारको वाँडफाँड | | |
|---|---|---|
| **संघको अधिकार** | **प्रदेश सरकारको अधिकार** | **स्थानीय तहको अधिकार** |
| • पर्यटन शुल्क<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना<br>• भन्सार<br>• अन्तःशुल्क<br>• मूल्य अभिवृद्धि कर संस्थागत, व्यक्तिगत आयकर<br>• पारिश्रमिक कर<br>• राहदानी शुल्क<br>• भिसा शुल्क<br>• पर्यटन दस्तुर | • पर्यटन शुल्क<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• सेवा शुल्क,<br>• दस्तुर, दण्ड जरिवाना<br>• विज्ञापन कर<br>• मनोरञ्जन कर<br>• सवारी साधन कर<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• कृषि आयमा कर | • पर्यटन शुल्क<br>• प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी<br>• सेवा शुल्क,<br>• दस्तुर, दण्ड जरिवाना<br>• विज्ञापन कर<br>• मनोरञ्जन कर<br>• सवारी साधन कर<br>• घरजग्गा रजिष्ट्रेशन शुल्क<br>• सम्पत्ति कर<br>• घरजग्गा बहाल कर<br>• व्यवसाय कर<br>• भूमिकर (मालपोत) |

उल्लेखित संवैधानिक व्यवस्था अनुसार पर्यटन शुल्क, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, सेवा शुल्क तथा दस्तुर, दण्ड जरिवाना तीनवटै सरकारको अधिकार क्षेत्रमा राखिएको छ। त्यसैगरी विज्ञापन कर, मनोरञ्जन कर, सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेशन शुल्क प्रदेश (संविधानको अनुसूची ६) तथा स्थानीय सरकार (संविधानको अनुसूची ८) को अधिकार क्षेत्रमा राखिएको छ। त्यसैगरी सम्पत्ति कर, घरजग्गा बहाल कर, व्यवसाय कर र भूमिकर (मालपोत) स्थानीय सरकारको अधिकार क्षेत्र संविधानको अनुसूची ८ मा उल्लेख गरिएको छ। प्रदेश र स्थानीय सरकारको एकल राजस्व अधिकार क्षेत्र भित्र परेका विज्ञापन कर, मनोरञ्जन कर, सवारी साधन कर तथा घरजग्गा रजिष्ट्रेशन शुल्क सम्बन्धी व्यवस्थालाई अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले एकल कर प्रशासन व्यवस्था अन्तर्गत लगाउने र सङ्कलन गर्ने प्रावधान गरेको छ।

### ४.२ कानुनी व्यवस्था

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४** ले स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरिएको छ।

- **कर राजस्व :** सम्पत्ति कर (आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा), भूमिकर तथा मालपोत (सम्पत्ति कर लागेको घरजग्गा वाहेकको अन्य जग्गामा), घर जग्गा बहाल कर (कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा), व्यवसाय कर (व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा), सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा), जडिबुटी, कवाडी र जीवजन्तु कर (आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे बापत) ।
- **गैरकर राजस्व (शुल्क):** बहाल बिटौरी शुल्क (आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत), पार्किङ् शुल्क (आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत) ।
- **गैरकर राजस्व (सेवा शुल्क):** आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा, आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि), अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क, सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।
- **बिकी गर्न सक्ने:** आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तु , आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदि ।
- **सामुदायिक वनबाट आय प्राप्त गर्ने:** सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने, वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।
- **प्रचलित कानून बमोजिम गर्ने सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क तथा दस्तुर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार स्थानीय सहकारी संस्था, १०० वाट सम्मको एफएम रेडियो, घ वर्गको ठेक्का इजाजत, सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालय, प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम, मातृ भाषामा शिक्षा दिने विद्यालय, ट्युसन, कोचिङ्ग, औषधि पसल, परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा, ढुङ्गा, गिट्टी, वालुवा, माटो र स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग, स्थानीय स्तरका व्यापारिक फर्म, स्थानीय तहका पत्रपत्रिका, जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था, क्लिनिक, स्थानीय स्तरका संघ संस्था, इन्टरनेट, टेली सेन्टर, केवुल तथा तार विहिन टेलिभिजन, लघु घरेलु तथा साना उद्योग (कार्यजिम्मेवारी मापदण्ड, २०७६ मा प्रदेशको अधिकारमा रहेको), नक्सापास दस्तुर, दण्ड जरिवाना ।

## परिच्छेद - पाँच
## राजस्व सङ्कलन विद्यमान अवस्था र सम्भाव्यताको विश्लेषण

### ५.१ कर राजस्वको विद्यमान अवस्था र सम्भाव्यता

**क) कर राजस्वको आधार तथा दररेट :**

करको आधार र दररेटको सन्दर्भमा हेर्दानेपालाको संविधान र स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित कानुन अन्तर्गत स्थानीय तहको लागि सम्पत्तिमा लाग्ने करको हकमा अचल सम्पत्ति (जमिन र जमिनमा वनेको भौतिक संरचना) मा सम्पत्तिकर, आयमा लाग्ने करको हकमा घरवहाल आयमा घरवहाल आयकर, स्थानीय स्तरमा हुने कारोवारको हकमा व्यवसाय दर्ता नविकरण र व्यवसायकर लगाउन सकिने र करदरको हकमा स्थानीय परिवेसको आधारमा सम्बन्धित पालिकाले आर्थिक ऐन मार्फत दररेट निर्धारण गर्न सकिने व्यवस्था गरेको छ । यस आधारमा गाउँपालिकाले कर आधार र करदररेट सम्बन्धमा गरेको अभ्यासलाई हेर्दा निम्न बमोजिमको अवस्था देखिन्छ ।

| गाउँपालिकाको राजस्व आधार र दररेट | | | |
|---|---|---|---|
| **राजस्व सम्बन्धी कानुनी व्यवस्था** | **गाउँपालिकाले अभ्यास गरेको राजस्व आधार** | **आ.व.०७६।०७७ का लागि न्युनतम र अधिकतम दररेट रु.** | **कैफियत** |
| सम्पत्तिकर (दफा ५५) | सम्पत्ति कर | मूल्याङ्कनको आधारमा | दरको समीक्षा गरी पुर्ननिर्धारण गर्नु पर्ने |
| भूमिकर (मालपोत) (दफा ५६) | मालपोत | क्षेत्रफलको आधारमा | राजस्व सङ्कलन गर्नुपर्ने |
| घरजग्गा वहालकर (दफा ५७) | वहाल कर | वहाल रकमको १० प्रतिशत | दर समीक्षा गर्नुपर्ने |
| व्यवसाय कर (दफा ५८) | व्यवसाय कर | दर्ता तथा नविकरण शुल्क | दायरामा ल्याउनु पर्ने |
| सवारी साधन कर (साना) दफा ६४ (क) साझा अधिकार | सवारी कर (साना) | दर्ता नविकरण शुल्क | कार्यान्वयनमा नरहेको |
| बिज्ञापन कर दफा ६४ (ग) साझा अधिकार | बिज्ञापन कर | वर्ग फिटका आधारमा | |
| मनोरन्जनकर दफा ६४ (घ) साझा अधिकार | मनोरन्जन कर | | कार्यान्वयनमा नरहेको |
| वहाल विटौरी शुल्क (दफा ५९) | वहाल विटौरी | | कार्यान्वयनमा नरहेको |
| पार्किङ शुल्क (दफा ६०) | | | कार्यान्वयनमा नरहेको |
| सेवाशुल्क तथा दस्तुर (दफा ६२) | शुल्क तथा दस्तुर | | समीक्षा हुनु पर्ने |

### ५.२ करयोग्य सम्पत्तिको मूल्यांकनको अवस्था

संघको आर्थिक विधेयक, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत एकीकृत सम्पत्तिकरको अलवा सम्पत्ति कर कार्यान्वयन गर्नुपर्ने व्यवस्था भएकोले स्थानीय तहहरुले पनि एकीकृत सम्पत्ति करको सट्टामा

सम्पत्ति कर कार्यान्वयनमा ल्याउनु पर्ने कानुनी व्यवस्था छ । सोही अनुसार गाउँपालिकाको आर्थिक ऐनमा पनि यसलाई संशोधन गर्नुपर्ने हुन्छ ।

एकीकृत सम्पत्तिकर निर्धारण गर्दा प्रचलित कानुन अनुसार जमिन वा भौतिक संरचनाको वनौट, अवस्थिति, व्यापारिक महत्व र उपयोगको आधारमा मूल्याङ्कन आधार र बिधि तयार गर्नु पर्ने व्यवस्था अनुसार पालिकाले आफ्नो क्षेत्रका जमिनलाई व्यापारिक, आवासीय र कृषिभूमिको रुपमा वर्गीकरण गरी प्रति रोपनी **न्यूनतम र अधिकतम मूल्याङ्कन दर** निर्धारण गर्नु पर्नेमा सो हुन सकेको छैन । त्यसैगरी मालपोत वक्यौताको लागि साविक बमोजिम जमिनलाई अव्वल, दोयम, सिम र चाहार वर्गमा बिभाजन गरी मूल्याङ्कन मापदण्ड नबनाइएको र जमिनको मूल्याङ्कन विधि प्रयोगमा ल्याएको देखिदैन । यसबाट अपेक्षित करदाताको हैसियत नखुल्ने हुदा फरक फरक आर्थिक हैसियतका करदाताहरुमा समन्यायमा आधारित करभार नपर्ने जोखिम देखिन्छ । संरचना तर्फ घरको वनावट पक्की, कच्ची र त्यसको तलाका आधारमा कर दर निर्धारण भएको छ । यसले समग्र क्षेत्रका संरचनाहरुलाई सामान आधार मानी एउटै करदर निर्धारण भएको छ ।

### ५.३ राजस्वको दायरा

हेलम्बु गाउँपालिकाले लगाएको राजस्व क्षेत्र बिशेषत सम्पत्तिकर, भूमिकर वा मालपोत, व्यवसायकर, घरवहालकर जस्ता कर राजस्वको दायरामा आउनु पर्ने कूल करदाता संख्या र अहिले गाउँपालिकाको कर प्रणालीको दायरामा रहेका करदाताहरुको अद्यावधिक विवरण गाउँपालिकासंग उपलव्ध नभएको कारण राजस्वको दायरा यकिन गर्न कठिन देखिन्छ । नेपालको स्थानीय तहमध्ये नगरपालिकाको हकमा बिभिन्न क्षेत्रबाट गरिएको अध्ययन अनुसार करिव ३० देखि ४० प्रतिशत र गाउँपालिकाको हकमा १० देखि १५ प्रतिशत रहेका अनुमान गरिएको छ । यसैलाई आधारमानी हेलम्बस गाउँपालिकामा पनि १० देखि १५ प्रतिशत करदाताहरु दायरामा आएको अनुमान गरिएकोछ ।

### ५.४ राजश्व प्रशासन तथा सङकलन

गाउँपालिकाको राजस्व प्रशासन अन्तर्गत संस्थागत संरचना, जनशक्ति व्यवस्थापन र प्रविधिको उपयोगको अवस्थालाई हेर्दा नगदी रसिद काट्ने कामलाई नै राजश्व प्रशासनको रुपमा वुझ्ने र सामान्यस्तरको कर्मचारीलाई यस सम्बन्धी जिम्मेवारी तोकिएको अवस्था छ भने सूचना प्रविधिको प्रयोगलाई औपचारिकतामा सीमित गरिएको अवस्था देखिन्छ । राजस्व आधार, राजस्वदर, सम्पत्तिको मूल्याङ्कन, दायरा बिश्लेषण, प्रशासनिक सुधार जस्ता बिषयहरुको बिषयगत ज्ञानको कमी, राजस्व क्षमता अभिबृद्धिका लागि लगानीको अभाव, प्रविधीको अधिकतम उपयोगको लागि पूर्वाधार तथा क्षमता बिकासमा लगानी, पारदर्शिताको लागि सरोकारवालाहरुमा राजस्व सम्बन्धी सूचना सामाग्रीहरुको सम्प्रेषण जस्ता बिषयहरुलाई अत्यन्तै कम प्राथमिकता दिइएको छ । तापनि गाउँपालिकाको वडा कार्यालयहरुवाट राजस्व सङ्कलन हुने गरेको छ भने वडा कार्यालय र गाउँपालिकावाट प्रविधि मार्फत सञ्जाल स्थापित भएको छ र राजस्व सङ्कलनमा सफ्टवेयर प्रविधि पनि प्रयोगमा छ ।


### ५.५ आन्तरिक राजस्व परिचालनको अवस्था

| आय शीर्षकहरू | सम्भावना (भएको/नभएको) | बैठकबाट दर निर्धारण (भएको/नभएको) | पालिकाबाट संकलन (भएको/नभएको) |
|---|---|---|---|
| **क) कर राजस्व** | | | |
| ● सम्पत्तिमा आधारित कर –मालपोत वा भूमिकर | भएको | भएको | भएको |
| ● सम्पत्तिमा आधारित कर –सम्पत्तिकर | भएको | भएको | भएको |

| आय शीर्षकहरू | सम्भावना (भएको/नभएको) | बैठकबाट दर निर्धारण (भएको/नभएको) | पालिकाबाट संकलन (भएको/नभएको) |
|---|---|---|---|
| ● व्यवसाय कर | भएको | भएको | भएको |
| ● सवारी कर | भएको | भएको | नभएको |
| ● घरजग्गा बहाल कर | भएको | भएको | भएको |
| ● विज्ञापन कर | भएको | नभएको | नभएको |
| ● मनोरञ्जन कर | भएको | नभएको | नभएको |
| **(ख) गैर कर राजश्व** | | | |
| ● सवारी पार्किङ्ग शुल्क | भएको | नभएको | नभएको |
| ● खानेपानी महशुल | भएको | नभएको | नभएको |
| ● विद्युत महसुल | भएको | नभएको | नभएको |
| ● वहाल विटौरी शुल्क | भएको | भएको | भएको |
| ● पर्यटन सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● फोहरमैला व्यवस्थपन शुल्क | भएको | नभएको | नभएको |
| ● प्राकृतिक स्रोत ढुङ्गा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर विक्रि | भएको | भएको | भएको |
| ● ढल निकास सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● सार्वजनिक शौचालय सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● हाटवजार सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● पशुवधशाला सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | भएको | नभएको | नभएको |
| ● सडक बत्ती सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● अतिथि गृह सेवा शुल्क | भएको | नभएको | नभएको |
| ● अचल सम्पत्ति मूल्यांकन शुल्क | भएको | नभएको | नभएको |
| ● दर्ता तथा नविकरण दस्तुर | भएको | भएको | भएको |
| ● नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ● सिफारिस तथा बक्सौनी दस्तुर | भएको | भएको | भएको |
| ● नाता प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ● अन्य प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| ● लिलाम विक्री | भएको | नभएको | नभएको |
| ● सार्वजनिक निजी साझेदारी | भएको | नभएको | नभएको |
| ● अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | भएको | नभएको | नभएको |
| ● साँवा, व्याज, लाभांस र वोनस | भएको | नभएको | नभएको |
| ● भाडा तथा वहाल | भएको | भएको | भएको |
| ● मेसिन तथा औजार भाडा | भएको | भएको | भएको |
| ● सभागृह भाडा | भएको | नभएको | नभएको |
| ● ताल, पोखरी तथा जग्गा भाडा | भएको | नभएको | नभएको |

**५.६ गाउँपालिकाको आन्तरिक आय शिर्षक र यथार्थ सङ्कलनको अवस्था**

| क्र.सं. | आय शिर्षक | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|
| १.१ | कर राजस्व | | |
| | मालपोत वा भूमिकर | | १००००००० |
| | सम्पत्ति कर | ५०००००० | १००००००० |
| | व्यवसाय कर | | ५००००० |
| | सवारी कर | | |
| | घरजग्गा बहाल कर | | १००००००० |
| | विज्ञापन कर | | १००००००० |
| १.२ | गैरकर राजस्व | | |
| | दर्ता तथा नविकरण दस्तुर (सवै प्रकारको) | ७००००० | १००००००० |
| | दहत्तर बहत्तर | ५००००० | |
| | अन्य आय | | १००००००० |
| | **जम्मा आन्तरिक आय** | **६२०००००** | **६५०००००** |




**५.७ गाउँपालिकाका प्रमुख राजस्व श्रोतहरु**

**क) सम्पत्ति कर :**

**यथार्थ अवस्था** : गाउँपालिकाले अर्थ र राजस्वसंग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले जोडिएका धेरै ऐन कानुन, निर्देशिका लगायत कार्यविधिहरु निर्माण गरेको देखिन्छ । यसैगरि हाल विशेषत गाउँपालिकाको आर्थिक ऐन, २०७७ अनुसार सम्पत्ति कर कार्यान्वयनमा रहेकोछ । गाउँपालिकाले मालपोत तथा भूमिकर र सो पश्चात सम्पत्ति कर सङ्कलन गर्दै आएको छ ।

**सम्भाव्यता: घरधुरी सर्वेक्षण २०७५** अनुसार यस गाउँपालिकाक्षेत्रभित्र ४२८४ घरधुरीहरु छन् । सम्पत्ति करको प्रयोजनका लागि प्रति घरपरिवार १.५ जनासंग मात्रै घरजग्गाको स्वमित्व छ भन्ने अनुमानका आधारमा

गाउँपालिका क्षेत्रभित्र ६४२६ जना करदाताहरु छन् । यस हिसाववाट गाउँपालिकाको सम्पत्ति कर निम्नानुसार सङ्कलन हुने देखिन्छ ।

| **करदाता संख्या** | **प्रतिशत** | **सम्पत्तिको मूल्याङ्कन** | **करदर** | **अनुमानित राजस्व रु.** |
|---|---|---|---|---|
| 2,699 | 42 | 500,000 | 0.0001 | 134,946 |
| 964 | 15 | 1,000,000 | 0.0002 | 192,780 |
| 964 | 15 | 1,500,000 | 0.0003 | 433,800 |
| 643 | 10 | 2,000,000 | 0.0004 | 514,080 |
| 321 | 5 | 3,000,000 | 0.0005 | 481,950 |
| 129 | 2 | 4,000,000 | 0.0006 | 308,448 |
| 193 | 3 | 5,000,000 | 0.0007 | 674,730 |
| 193 | 3 | 7,500,000 | 0.0008 | 1,156,680 |
| 193 | 3 | 10,000,000 | 0.0009 | 1,737,000 |
| 129 | 2 | 15,000,000 | 0.001 | 1,927,800 |
| **6,426** | **100** | | **s"n ;Defjgf** | **7,562,214** |

माथि प्रस्तुत गरिएको तालिका अनुसार सम्पत्ति करको प्रयोजनका लागि गाउँपालिकामा प्रति घरपरिवार १.५ जनासंग मात्रै घरजग्गाको स्वमित्व छ भन्ने अनुमानका आधारमा गाउँपालिका क्षेत्रभित्र ६४२६ जना करदाताहरु रहेको र उनीहरुवाट रु ७५ लाख ६२ हजार २१४ सम्पत्ति कर वापत राजस्व सङ्कलन हुने देखिन्छ जुन गाउँपालिकाको लागि स्थायी श्रोत रहने देखिन्छ ।

**सुधारका पक्षहरु**

सम्पत्ति कर कार्यान्वयनका सम्बन्धमा हेलम्बु गाउँपालिकाले गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ :

- सम्पत्ति कर कार्यान्वयनका लागि सम्पत्ति कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने ।
- सम्पत्ति (घर र जग्गा) को मूल्यांकनको लागि वनाईको मूल्यांकन मापदण्ड र करदरमा समय सापेक्ष परिमार्जन वैज्ञानिक बनाउनु पर्ने ।
- जग्गाको मूल्यांकन प्रति रोपनीमा मूल्यांकन गर्नु पर्ने ।
- करदरलाई परिमार्जन गरी सहज र सरल बनाइनु पर्ने ।
- दायरा वृद्धिका लागि सम्पत्तिको स्वयम घोषणा अभियान संचलन गर्नु पर्ने ।
- गाउँपालिकामा अचल सम्पत्तिको खाता खोल्ने व्यवस्था गर्नु पर्ने ।
- सम्पत्तिको खरिदविकी वा कारोवारलाई अद्यावधिक गर्नु पर्ने ।

**ख) भूमिकर (मालपोत)**

**यथार्थ अवस्था :** गाउँपालिकाले भूमिकर (मालपोत) सङ्कलन गर्दै आएको छ । भूउपयोगको आधारमा जग्गालाई वर्गीकरण नगरी परम्परागत हिसाव अव्वल, दोयम, सिम र चाहारको अवधारणा अनुसार जमिनको वर्गीकरण दुवै तरीका वाट नभई खेत र पाखोवारी गरी दुई प्रकारवाट वर्गीकरण भएको छ र करदर निर्धारण भएको छ ।

**सम्भाव्यता :** गाउँपालिकालाई भुमिकर वा मालपोत तिर्नेको संख्या १० देखि १५ प्रतिशत मात्र रहेको अनुमान गरिएको छ तसर्थ बाकी करदातालाई दायरामा ल्याउन सकिने अनुमान गर्न सकिन्छ ।

**ग) घरजग्गा वहाल कर**

**यथार्थ अवस्था :** गाउँपालिकाले प्रयोजनका आधारमा वहाल करलाई वर्गीकरण गरेको छैन । व्यापारिक प्रयोजन, संस्थाहरुको कार्यालय राख्ने प्रयोजन र आवसीय प्रयोजन गरी वहाललाई वर्गीकरण भएको भएको छैन । वहाल करदर दुई पक्ष वीच संभ्कौता भएको रकमको १० प्रतिशत निर्धारण गरिएको छ ।

**सम्भाव्यता** : गाउँपालिकालाई वहाल कर भुक्तानी नगरी वहाल प्रयोजनमा वस्ने उद्योग व्यवसाय तथा कार्यालयहरुको संख्या यकिन नभएपनि उपरोक्त तथ्याङ्क भन्दा वढी नै रहेको अनुमान गर्न सकिन्छ । राष्ट्रिय आर्थिक सर्भेक्षण अनुसार निजी घर भन्दा वाहिर वसी व्यवसाय सञ्चालन गर्नेहरुको संख्या वढी देखाएको छ ।

**सुधारका पक्षहरू**

- घरजग्गा बहाल करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने ।
- घर जग्गा बहाल कर निर्धारणको लागि न्यूनतम वहाल मुल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने ।
- सम्पत्ती करको आधार र घरजग्गा वहाल करको आधार एउटै भएकोले दुबैको अभिलेखलाई एक आपसमा आवद्ध गर्ने
- बहाल करका संकलन प्रकृयामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गर्ने ।
- घरधनिहरुलाई बहालकरको प्रावधान तथा तिर्ने विधि सम्बन्धि जानकारी गराई करको दायरामा ल्याउन अभियान चलाउने ।

**घ) व्यवसाय कर**

**यथार्थ अवस्था** : गाउँपालिकाले व्यवसायकर, दर्ता र नवीकरण शुल्क सङ्कलन गर्दै आएको छ । व्यवसाय कर वापत आर्थिक वर्ष २०७७/७८ मा रु. ५ लाख राजस्व संकलन भएको छ । आर्थिक सर्वेक्षण अनुसार यस गाउँपालिका क्षेत्रभित्र करीव ४९५ वटा साना ठूला व्यवसायहरु सञ्चालनमा छन् । तर यस मध्ये गाउँपालिकामा व्यवसाय कर भुक्तान गर्नेहरुको संख्या यकिन छैन ।

**सम्भाव्यता** : गाउँपालिकामा व्यवसाय कर भुक्तानी भएको रकम हेर्दा न्यून संख्यामा मात्रै व्यवसाय कर भुक्तानी भएको देखिन्छ । पालिका क्षेत्रभित्र ४९५ व्यवसायहरु सञ्चालन भएको हुँदा यसको दायरा फराकिलो भएको अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरू**

गाउँपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ :

- गाउँपालिका क्षेत्रमा व्यवसाय गर्नको लागि कार्यपालिकामा अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्था गरी सबै व्यवसायीलाई सुचित गरी व्यवसायको स्वयम घोषणा अभियान सञ्चालन गर्ने ।
- व्यवसायको लगत सङ्कलन गरी करको दायरामा नआएका व्यवसायहरुलाई दायरामा ल्याउने ।
- व्यवसायको वार्षिक कर संगै शुरुको वर्षमा दर्ता शुल्क निर्धारण गर्ने । व्यवसाय कर असुलीमा छुट तथा दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- व्यवसाय कर सङ्कलन टोली गठन गरी वर्षमा १ पटक व्यवसाय दर्ता तथा कर सङ्कलन अभियान सञ्चालन गर्ने ।

- व्यवसाय दर्ता प्रकृया संगै बन्द भएका व्यवसायहरु नामसारी तथा खारेजी गर्ने व्यवस्था गरि कार्यान्वयन गर्ने ।
- सबैखाले पेशाकर्मीहरुलाई पनि व्यवसाय करको दायरामा ल्याउन अभियान सञ्चालन गर्ने ।

**ङ) नक्सापास**

**यथार्थ अवस्था :** गाउँपालिकाको अभिलेख अनुसार नक्सापास थर्याथ तथ्यांक पालिकासंग भएको देखिदैन र नक्सापास गरी संरचना निर्माण गर्ने अभ्यास पालिकामा कमै रहेको देखिन्छ ।

**सम्भाव्यता :** निर्माण कार्य वढ्दो कममा छ । भूकम्पीय दृष्टिवाट पनि जनमानसमा स्वचेतना अभिवृद्धि भएको छ र संरचनाहरुको निर्माण अघि नै नक्सापासलाई अनिवार्य गरिएमा राजस्व वढ्न सक्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरु**

नक्सापास प्रकृयाले आयआर्जन मात्र नभई भवन निर्माण प्रकृयालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी वनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- नयाँ घर बनाउनुअघि नक्सापास गराउनका लागि सूचनामूलक, जानकारीमूलक, सचेतनामूलक कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन गर्ने ।
- नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने ।
- नक्सापास नगरी घर निर्माण गर्दा हुनसक्ने क्षति तथा नक्सापास प्रावधानमा भएका दण्ड जरिवानाका व्यवस्थासमेत प्रचार प्रसार गर्ने ।

**च) सेवा शुल्क तथा दस्तुर**

**यथार्थ अवस्था :** सेवाग्राहीहरुवाट गाउँपालिकाले आवेदन शुल्क, प्रमाणित शुल्क, सिफारिस जस्ता सेवाहरु गाउँपालिका मुख्य कार्यालय एवं वडाहरुवाट सञ्चालन हुँदै आएको छ । आर्थिक वर्ष २०७६/७७ मा पालिकाले सिफारिस तथा वक्सौनी शुल्क वापत रु.८ लाख ७७ सङ्कलन भएकोमा आर्थिक वर्ष २०७७/७८ मा रु.१० लाख राजस्व संकलन भएको छ ।

**सम्भवना :** पालिका एवं वडा कार्यालयहरुमा आई सेवा सुविधाहरु उपयोग गर्ने सेवाग्राहीको संख्या वढ्दो छ र वाह्य पक्षसंग हुने गरेको विविध कारोवारका कारण पालिकाको सिफारिस, प्रमाणीकरणको आवश्यकता वढ्दो छ ।

**सुधारका पक्षहरू**

- विभिन्न किसिमका शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने ।
- सिफारिश वा प्रमाणित प्रमाणपत्र चलानी गर्नु पुर्व दस्तुर संकलन गरेको एकीन गर्ने ।
- वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

माथि उल्लेखित सम्भावना बाहेक यस गाउँपालिकामा सवैभन्दा बढि सम्भावना बञ्जी जम्पीड र पर्यटनको रहेको जानकारी वडा नं. १ का वडा अध्यक्ष लगायत प्रमुख प्रशासकिय अधिकृतवाट जानकारी पाईयो । साथै यस क्षेत्रलाई उकास्नका लागि मुख्यतया सडक निर्माण र गोरेटो घोडेटो वाटोको निर्माण गर्नु पहिलो आवश्यकता रहेको जानकारी पनि दिनु भएको थियो । तर बञ्जी जम्पीड र पर्यटक आवगमनको संख्या भने पालिकासंग रहेको देखिदैन ।

### ५.८ संस्थागत क्षमता

संस्थागत संरचना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार विभिन्न समितिहरु गठन भएका छन् र आवश्यकताका आधारमा उपसमितिहरु गठन भई संघीयताको अभ्यास भएको छ । गाउँपालिकामा जनशक्तिको हिसावले जनप्रतिनिधिहरु र कर्मचारीहरु आवद्ध छन् । प्रशासन, शिक्षा, लेखा, प्राविधिक, सूचना, स्वास्थ्य, कृषि तथा पशुविकास, सामाजिक विकास, योजना शाखा तथा उपशाखाहरु क्रियाशील छन् । लेखा शाखा मार्फत राजस्व हेर्ने व्यवस्था गरिएको छ भने राजस्व सङ्कलन वडा कार्यालयवाट पनि भएकाले वडा सचिवको समेत आवद्धता रहदै आएको छ । यसैगरी सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरु पालिकामा उपलव्ध छ । लेखामा आर्थिक कारोवारको अभिलेखीकरणका लागि कम्प्युटर सफ्टवेयर जडान गरिएको छ । राजस्व सङ्कलन गर्ने सन्र्दमा गाउँपालिका मुख्य कार्यालय र वडा कार्यालयहरु वीच सञ्जाल विकास गर्ने क्रममा छ ।

### ५.९ राजस्व सम्वन्धी प्रमुख सवालहरु

- घरेलु कार्यालय, कर कार्यालय र पालिकालाई समेत व्यवसाय कर तिर्नु पर्दा दोहोरो कर भएको ।
- राजस्वमा दक्ष अनुभवी कर्मचारीको अभाव, दरवन्दी नभएको, लेखा शाखाको कर्मचारीवाट राजस्व प्रशासन सञ्चालन भएको र कर्मचारी अपुग ।
- कर भुक्तानी गर्नेतर्फ करदाताहरुमा जनचेतनाको कमी ।

## परिच्छेद - छ
## राजस्व सङ्कलन विद्यमान अवस्था र सम्भाव्यताको विश्लेषण

### ६.१ कर राजस्व सुधार कार्ययोजना तर्जुमा

कर राजस्व अन्तर्गत सम्पत्ति कर, भूमिकर, घर जग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेको छ । उपरोक्त करहरुको सुधारका लागि पालिकाकाको देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा भएको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर सञ्जालमा आवद्ध गरी कर सङ्कलनमा प्रभावकारीता ल्याई सङ्कलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई पालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्नु ।

**ख) रणनीतिहरु**

१ कर राजस्वको प्रभावकारी परिचालनका लागि ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

२ कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने ।

३ राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने

४ कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने ।

५ करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने ।

६ सङ्कलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने ।

**ग) कार्यनीतिहरु**

**रणनीति- १अन्तर्गतको कर राजस्वको प्रभावकारी परिचालनका लागि ऐन कानुन तर्जुमा अन्तर्गतको कार्यनीतिहरु**

१. पालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा पालिका आर्थिक ऐन संशोधन, परिमार्जन गरिनेछ ।

२. भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर सञ्चालनका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. पालिका भित्र नियमित रुपमा सञ्चालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ ।

४. ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय सवारी साधन (टाँगा, रिक्सा, आटो/ई-रिक्सा), नियमित सञ्चालन हुने सवारी साधनलाई इजाजत लिनुपर्ने व्यवस्था गरिनेछ ।

**रणनीति २ को कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२. आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिइनेछ ।

३. करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गरिनेछ ।

४. ठूला करदाताहरुलाई पालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिइनेछ ।

५. कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गरिनेछ ।

६. वडा एवं समुदायस्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम सञ्चालन गरिनेछ ।

**रणनीति ३ को राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने अन्तर्गतको कार्यनीतिहरु**

१. करदाता पहिचानका लागि घरधुरी सर्भेक्षण एवं तथ्याङ्क सङ्कलन गरिनेछ ।

२. भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु करका करदाताहरुको अभिलेख अलग अलग र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गरिनेछ ।

३. घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गरिनेछ ।

४. पालिका भित्र सञ्चालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण सङ्कलन गरी लगत अद्यावधिक गरिनेछ ।

५. पालिका भित्र नियमित सञ्चालित स्थानीय सवारी साधन (टाँगा, रिक्सा, ओटो तथा ई रिक्सा) लाई नम्वरिङ गर्ने सोको अभिलेख राखिनेछ ।

६. राजस्व शाखामा तथ्याङ्कहरु कम्प्युटर प्रणाली आइसिटिको प्रयोगमा ल्याउने । यसका लागि इण्टरनेट सुविधा उपलव्ध गराइनेछ ।

**रणनीति ४ को कर सङ्कलन प्रकियालाई सरल, सहज र पारदर्शि वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. कार्यपालिका र वडा कार्यालय वीच कम्प्युटर संजाल स्थापित गरी वडा कार्यालयवाट कर सङ्कलन सेवा सुविधा प्रदान गरिनेछ ।

२. राजस्व सङ्ंकलनमा वैकिङ् प्रणाली अवलम्वन गरिनेछ ।

३. कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सुविधा प्रदान गरिनेछ ।

४. सङ्कलित राजस्व विवरण कार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गरिनेछ ।

**रणनीति ५ को करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व सङ्कलनमा प्रगतिशिल करदर प्रणाली लागु गरिनेछ ।

२. कर वृद्धिका लागि नयाँ क्षेत्रहरु पहिचान गर्ने र करको दररेटलाई सक्दो न्यून वनाउने र दायरा फराकिलो पारिनेछ

३. भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गर्ने र सोका आधारमा भूमिकर दर निर्धारण गरिनेछ ।

४. जग्गा तथा घरको भौगोलिक अवस्थिति, संरचनाको किसिमको आधारमा सम्पत्तिकर निर्धारण गरिनेछ ।

५. व्यवसायको प्रकृति, स्तर, व्यवसाय सञ्चालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गरिनेछ ।

६. जडीवुटी, कवाडी तथा जीवजन्तुको हाड सिङ आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गरिनेछ ।

७. करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गरिनेछ ।

**रणनीति ६ को सङ्कलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने अन्तर्गतका कार्यनीतिहरु**

१. सङ्कलित राजस्वलाई आय वृद्धि हुने क्षेत्र वारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गरिनेछ।

२. निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, सङ्कलन केन्द्र, गोदाम घर, पर्यटकीय स्थलमा अत्यावश्यक भौतिक पूर्वाधार, सार्वजनिक शौचालय निर्माणमा लगानी गरिनेछ ।

३. वडा कार्यालयहरु वहुउद्देश्यीय उपयोगका लागि निर्माण गरी सेवाग्राहीहरुका अत्यावश्यक सेवाहरु उपलव्ध गरिनेछ।

४. कृषि र वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गरिनेछ ।

**कर राजस्व सुधार कार्ययोजना**

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **क)** | **सम्पति कर** | | |
| १ | सम्पत्ति (जग्गा र भौतिक संचरना) को मूल्यांकन | २०७९ आषाढ मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँ सभा |
| २ | सम्पत्ति कर व्यवस्थापन कार्यविधि परिमार्जन गर्ने | २०७९ ज्येष्ठ असार सम्म | गाउँ कार्यपालिका |
| ३ | सबै वडाबाट सम्पत्ति कर सङ्कलन गर्ने गरी आवश्यक भौतिक सुविधाको व्यवस्था गर्ने र कर संकलन गर्ने | २०७८ श्रावण देखि नियमित | गाउँपालिका, वडा कार्यालयहरु |
| ४ | सम्पत्ति (जग्गा र भौतिक संचरना) को स्वयम घोषणा अभियान सञ्चालन गरी सम्पत्ति करदाताहरुको तथ्यांक अद्यावधि गर्ने | २०७८ भाद्र मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| **ख)** | **घर जग्गा वहाल कर** | | |
| ५ | पालिकाभित्र संस्थागत, व्यवसायिक वा व्यक्तिगत प्रयोजनले बहालमा रहेका घरजग्गाको तथ्याङ्क सङ्कलन गर्न | २०७८ आश्विन मसान्त सम्म | राजस्व शाखा वडा सचिव |
| ६ | घरजग्गा बहाल करको दर प्रगतिशील करको सिद्धान्तको आधारमा निर्धारण गर्ने<br><br>(घर जग्गा बहाल कर निर्धारणको लागि न्यूनतम वहाल मुल्यको दर निर्धारण गर्ने र बहाल मूल्यको दर बजार क्षेत्रमा ब्यापारिक स्थानको महत्व र भवनको अवस्था तथा किसिमलाई पनि आधार लिने) | २०७८ साउन मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँसभा |
| ७ | बहाल करका सङ्कलन प्रकृयामा स्पष्टता ल्याउन कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | २०७८ साउन मसान्त भित्र | गाउँपालिका |
| ८ | बहालमा लगाएका घरधनीहरूलाई | २०७८ साउन मसान्त | राजस्व शाखा |

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | जानकारी गराई सम्पूर्णलाई करको दायरमा ल्याउन | देखि नियमित | |
| **ग)** | **व्यवसाय कर** | | |
| ९ | पालिका क्षेत्रमा व्यवसाय गर्नको लागि पालिकामा अनिवार्य दर्ता गर्नु पर्ने व्यवसथा गर्न सबै व्यवसायीलाई सुचित गर्ने | २०७८ साउन देखि नियमित | राजस्व परामर्श समिति गाउँसभा |
| १० | व्यवसायको वार्षिक कर संगै शुरुको वर्षमा दर्ता शुल्क निर्धारण गर्ने । व्यवसाय कर असुलीमा छुट तथा दण्ड जरिवानाको व्यवस्था गर्ने । | २०७८ साउन देखि नियमित | राजस्व परामर्श समिति गाउँसभा |
| ११ | दर्ता भएका (सूचीकृत) व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने | २०७८ साउन देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| १२ | व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि मुख्य बजार क्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने | २०७८ साउन देखि नियमित | राजस्व शाखा र वडा कार्यालयहरु |
| **घ)** | **जडिवुटी, कवाडी, जीवजन्तु कर** | | |
| १३ | जडिवुटी, कवाडी र जीवजन्तु कर सङ्कलन हुने स्थान र परिमाण जानाकारीका लागि तथ्याङ्क संकलन गर्ने | २०७८ भाद्र मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १४ | कवाडी कर (सङ्कलन गरि ढुवानी गर्ने सवारीको आधारमा प्रति ट्रिप) को दर निर्धारण गर्ने | २०७८ भाद्र मसान्त सम्म | राजस्व परामर्श समिति र गाउँसभा |
| **ङ)** | **विज्ञापन कर** | | |
| १५ | विज्ञापनका सामाग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क सङ्कलन गर्ने | २०७८ भाद्र मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १६ | न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी ठेक्का अंक निर्धारण गर्ने | २०७८ भाद्र मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |

## ६.२ गैरकर राजस्व सुधार कार्ययोजना तर्जुमा

यस अन्तर्गत गाउँपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्याङ्कन जस्ता सेवा सुविधाहरु उपलव्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैरकरहरुको सुधारका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलव्ध गराई गाउँपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउनु ।

**ख) रणनीति**

१. गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने ।

२. गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने ।

३. सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा अन्तर्गतका कार्यनीतिहरु**

१. प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२. स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याइनेछ ।

३. सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गरिनेछ ।

४. स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याइनेछ ।

५. पालिका भवन निर्माण मापदण्ड सहित नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

**रणनीति २ को गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गरिनेछ ।

२. पालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) गर्ने । सोका आधारमा ठेक्का प्रक्रियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा संकलन एवं विक्री गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गरिनेछ ।

३. स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु सञ्चालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

४. स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गरिनेछ ।

५. शहरीकरण संगसंगै निजीक्षेत्रसंगको सहकार्यमा फोहरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्वन गरिनेछ ।

**रणनीति ३ को सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गरिनेछ ।

२. स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गरिनेछ ।

३. भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गरिनेछ ।

४. एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गरिनेछ ।

## गैरकर राजस्व सुधार कार्ययोजना

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **च)** | **प्राकृतिक श्रोत** | | |
| १७ | ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य पदार्थको बिक्री | २०७८ साउन मसान्त सम्म | राजस्व शाखा र वडा कार्यालयहरु |
| १८ | सम्पुर्ण सम्भाव्य स्थलहरुको IEE परिक्षण गर्ने र सो अनुशारको परिमाण एकिन गर्ने | २०७८ साउन मसान्त सम्म | प्राविधिक शाखा र प्रशासकीय अधिकृत |
| १९ | उत्खनन् तथा संकलन सम्बन्धी कार्ययोजना तयार गरी नगर कार्यपालिकाबाट स्वीकृत गर्ने | २०७८ साउन मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २० | संकलन कार्यको नियमित रुपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिश गरेको मापदण्डभित्र मात्र रहेर उत्खननहुने कार्य सुनिश्चित गर्ने | २०७८ साउन देखि नियमित | राजस्व परामर्श समिति गाउँ कार्यपालिका |
| २१ | कर चुहावटको अवस्था लाई मध्यनजर गर्दै नियन्त्रणका लागि सुरक्षा निकाय संग समन्वय गर्ने | २०७८ साउन देखि नियमित | गाउँकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत |
| **छ)** | **नक्सापास दस्तुर** | | |
| २२ | पुराना घरको अभिलेखीकरण/अद्यावधिकरण तथा नयाँ घरको नक्सा पास अनिवार्य गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम गर्ने । नक्सापास नगरि घर निर्माण गर्दा हुनसक्ने क्षति तथा अन्य जोखिम सम्बन्धमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने | २०७८ साउन देखि नियमित | प्राविधिक शाखा, वडा कार्यालयहरु र गाउँ कार्यपालिका |
| २३ | नक्सापासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने | २०७८ साउन देखि नियमित | राजस्व शाखा वडा कार्यालयहरु |
| २४ | घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकूल परिमार्जन गर्दै जाने | २०७८ साउन देखि नियमित | प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखा र वडा कार्यालयहरु |
| **ज)** | **सरकारी सम्पत्ति बहाल बाट प्राप्त आय** | | |
| २५ | हाल असुली भईरहेको बहाल रकमको आधारमा बहाल दर पुनरावलोकन गरि परिमार्जन गर्ने | २०७८ साउन सम्म | राजस्व परामर्श समिति र गाउँसभा |
| **झ)** | **सेवा शुल्क, दस्तुर तथा विविध आय** | | |
| २६ | व्यवसाय दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने | २०७८ साउन मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| २७ | सिफारिस वा प्रमाणित प्रमाणपत्र चलानी गर्नुपुर्व दस्तुर संकलन गरेको एकीन गर्ने । वडावाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने | २०७८ साउन देखि | वडा सचिव |
| २८ | विभिन्न किसिमका शुल्क तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दरमा आवश्यक परिमार्जन गर्ने | २०७८ साउन मसान्त सम्म | राजस्व परामर्श समिति, गाउँसभा |
| **ञ)** | **दीर्घकालीन आय स्रोतको पहिचान तथा** | | |

| | सम्भाव्यता | | |
|---|---|---|---|
| २९ | पालिकालाई दीर्घकालीन आय हुन सक्ने सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने<br>- हाट बजार संचालन<br>- उद्यमशिलता विकास<br>- औद्योगिक ग्राम<br>- ल्याण्ड फिल्ड साईट आदी | २०७८ साउन मसान्त सम्म | गाउँ कार्यपालिका |
| ३० | पालिका क्षेत्रभित्र पर्यटकीय पूर्वाधार बिकास सहित होमस्टे, रिसोर्ट सञ्चालनका लागि निजी क्षेत्रसंग सहकार्य गर्ने | २०७८ साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका |
| ३१ | व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, जलासय, पोखरी, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, फोहर संकलन केन्द्र, सार्वजनिक शौचालय जस्ता भौतिक पूर्वाधार बिकासमा सार्वजकि निजी साझेदारी मोडेलमा निर्माण, संचालन तथा हस्तान्तरण, लिज, सेवा करार, व्यवस्थापन करार जस्ता बिधि पद्धति मार्फत राजश्व सुधार कार्यक्रम संचालन गर्ने | २०७८ साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, गाउँ कार्यपालिका |

## ६.३ राजस्व प्रशासन सुधार योजना तर्जुमा

यस अन्तर्गत पालिकाको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि पालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

पालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउनु ।

**ख) रणनीति**

१. पालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने ।
२. राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने ।
३. राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने ।

**ग) कार्यनीतिहरु**

**रणनीति १ को पालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तयगर्ने अन्तर्गका कार्यनीतिहरु**

१. राजस्व सुधार एवं परिचालनका लागि गाउँपालिकाको राजस्व सम्वन्धी ३ वर्षे लक्ष्य सहित मध्यमकालीन नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
२. मध्यमकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याइने छ ।

**रणनीति २ को राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि अन्तर्गतका कार्यनीतिहरु**

१. प्रमुख प्रशासकीय अधिकृतलाई सिधै रिपोटिङ् गर्ने गरी कार्यपालिका अन्तर्गत राजस्व शाखा स्थापना गरिनेछ । शाखामा शाखा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी कार्यपालिका व्यवस्था गरिनेछ ।

२. वडा कार्यालयवाट राजस्व सङकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समितिलाई कियाशील वनाइनेछ।
४. नागरिकहरुको अचल सम्पत्ति मूल्याङ्कनका लागि प्राविधिकहरु समेत रहने गरी पालिका स्तरीय सम्पत्ति मूल्याङ्कन समिति गठन गरिनेछ ।
५. पालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम सञ्चालन गरिनेछ ।
६. राजस्व प्रशासनका विधि प्रकिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
७. सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
८. पालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गरिनेछ ।
९. भूमिकर, सम्पत्तिकर, व्यवसाय कर लगायतका करहरु संकलनका लागि एकद्धार कर संकलन प्रणाली अवलम्वन गरिनेछ ।

**रणनीति ३ को राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने अन्तर्गतका कार्यनीतिहरु**

१. राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याइनेछ ।
२. वडा कार्यालयहरु समित कार्यपालिकामा तिव्रगतिको इण्टरनेट जडान गरिनेछ ।
३. राजस्व शाखा र वडा कार्यालय वीच कम्प्युटर सञ्जाल स्थापना गरी राजस्व सङ्कलनलाई व्यवस्थित पारिनेछ ।
४. वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रकिया मार्फत राजस्व सङ्कलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गरिनेछ ।
५. राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गरिनेछ ।
६. मोवाइल एप्सको विकास गरी राजस्व सम्वन्धी जानकारी करदाताहरुलाई गराइने छ ।

**कर राजस्व प्रशासन सुधार कार्ययोजना**

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **ट)** | **सांगठनिक स्वरुप तथा संस्थागत क्षमता** | | |
| ३२ | राजस्व शाखामा राजस्व सम्बन्धी सम्पुर्ण दस्तावेज तथा तथ्यांकको अभिलेख राख्न | नियमित | राजस्व शाखा |
| ३३ | राजस्व शाखामा दरबन्दी अनुरुप कर्मचारीको व्यवस्था गर्ने | २०७८ पौष मसान्त सम्म | गाउँ कार्यपालिका |
| ३४ | राजस्व प्रशासनका कर्मचारी (वडा सचिव समेत)लाई क्षमता तालिम व्यवस्था गन | २०७८ असोज सम्म | प्रमुम प्रशासकीय अधिकृत |
| ३५ | राजस्व असुलीमा प्रायोग भएको सफ्टवेयरमा आवश्यक परिमार्जन गर्ने ।<br>- राजस्व कोड अनुशारका शिर्षकहरु<br>- विगत आ.व.को विवरण तथा अभिलेख प्रविष्टी<br>- आर्थिक ऐनमा उल्लेख भएका सम्पुर्ण प्रावधान तथा दररेट प्रविष्टी | २०७८ साउन मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| ३६ | वडा सचिवहरुको बैठक नियमित (कम्तिमा त्रैमासिक) राखी | त्रैमासिक | प्रमुख प्रशासकीय |

| क.सं. | सुधारका लागि गर्नुपर्ने कार्यहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | राजस्व असुलीको अवस्था, भोगेका समस्या तथा एकरुपता ल्याउन छलफल गर्ने | | अधिकृत, राजस्व शाखा |
| **ठ)** | **कानूनी तथा नीतिगत व्यवस्था** | | |
| ३७ | आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने:<br>- सम्पत्ति कर, सम्पत्ति वहाल, नदीजन्य पदार्थको विक्रीको दर उल्लेख गर्ने ।<br>- मनोरन्जन कर, ठुला सवारी कर, घरपालुवा पशु पन्क्षी विक्री कर हटाउने ।<br>- मालपोत कर, घर जग्गा बहाल कर, कवाडी, जडिबुटी तथा जिवजन्तुकर, सवारी कर, व्यवसाय कर, नक्सापास दस्तुर आदी परिमार्जन गर्ने ।<br>- राजस्व असुलीमा छुट तथा दण्ड जरिवानाको व्यवस्था गर्ने । | २०७८ साउन मसान्त सम्म | राजस्व परामर्श समिति गाउँसभा |
| ३८ | राजस्व नीति सामर्थ्यमा आधारित तथा करदातामैत्री बनाउन | २०७८ साउन | गाउँकार्यपालिका |
| **ड)** | **समन्वय, अनुगमन र समीक्षा** | | |
| ३९ | राजस्व संग सम्बन्धित सरोकारवालाहरु संग नियमित समन्वय तथा छलफल गर्ने | अर्ध वार्षिक | राजस्व शाखा |
| ४० | स्थानीय राजस्व परामर्श समितिको बैठक नियमित बसी राजस्व संकलन प्रगतिको समीक्षा गरी सुधारका कदम चाल्ने | त्रैमासिक | राजस्व शाखा |
| **ढ)** | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्ने** | | |
| ४१ | यस कार्ययोजनामा उल्लेख भएका कृयाकलापहरुको कार्यान्वयन गर्ने । कृयाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्न आवश्यक बजेटको व्यवस्था गर्ने | २०७८ साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४२ | आवधिक रुपमा अनुगमन तथा मुल्यांकन गर्ने । कृयाकलापहरुमा आवश्यक परिमार्जन गर्दै जान | २०७८ साउन देखि नियमित | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत |

# परिच्छेद - सात
# त्रिवर्षीय राजस्व प्रक्षेपण

## राजस्व प्रक्षेपण

यस शिर्षकमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. २०७८/७९ देखि २०८०/८१) को लागि राजस्व प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो । आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुनसक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरी केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय सङकलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा तल व्याख्या गरिएको छ ।

७.१ राजस्व प्रक्षेपणको आधार

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात्को आगामी तीन वर्ष (आ.व. ०७८/७९ देखि ०८०/८१) को लागि राजस्व प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको हो। आय प्रक्षेपण गर्दा भविष्यमा आयका आधारको दायरा तथा दर बढ्न गई सोबाट हुन सक्ने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शिर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ । आय प्रक्षेपणका आधारहरुलाई शिर्षकगत रुपमा तल व्याख्या गरिएको छ ।

**राजस्व प्रक्षेपणका आधारहरु**

| क.सं. | राजस्व शिर्षक | प्रक्षेपणको आधार |
|---|---|---|
| **क)** | **आन्तरिक आय तर्फ** | |
| | सम्पत्ति कर | घरधुरीको आधारमा सम्पत्ति माथि एकघर एक करदाताको आधारमा |
| | घरजग्गा बहाल कर | कुल सम्भावनाको २० प्रतिशत र त्यसपछिका आ.व.मा २५ र २५ प्रतिशतले बढ्दै जाने |
| | व्यवसाय कर | कुल सम्भावनाको २० प्रतिशत र त्यसपछिका आ.व.मा पनि २० प्रतिशतले बढ्दै जाने |
| | कवाडी कर | हाल अभ्यासमा नरहेको । कुल सम्भावना एकमुष्ट रु.१० हजार र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| | बहाल विटौरी शुल्क | आव २०७८/७९ मा २५ प्रतिशत र सो पश्चात ५-५ प्रतिशतले वृद्धि |
| | सम्पत्तीको बहालबाट प्राप्त आय | आव २०७८/७९ का लागि एकमुष्ठ रु.५०,००० र सो पश्चात १० प्रतिशत का दरले बढ्ने |
| | दहत्तर, बहत्तर बिकी (ढुङ्गा, गिटी, वालुवा) | अभ्यासमा नरहेको । आर्थिक वर्ष २०७८/७९ का लागि सम्भावनाको ६० प्रतिशत (४० प्रतिशत प्रदेश सरकारलाई दिएपछि) र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| | अन्य प्रशासनिक सेवा शुल्क | आव २०७८/७९ मा १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| | नक्सापास दस्तुर | आव २०७८/७९ का लागि एकमुष्ठ रु.१५०,००० र सो पश्चात १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| | सिफारिस दस्तुर | आव २०७८/७९ मा १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| | व्यक्तिगत घटना दर्ता दस्तुर | आव २०७८/७९ मा १० प्रतिशत र त्यसपछिका आ.व.मा संभव भए सम्म घटाउदै लैजाने |

| क.सं. | राजस्व शिर्षक | प्रक्षेपणको आधार |
|---|---|---|
| | नाता प्रमाणित दस्तुर | आव २०७८/७९ मा १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| | अन्य दस्तुर | आव २०७८/७९ मा १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| | न्यायिक दण्ड, जरिवाना र जफत | आव २०७८/७९ का लागि १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| | प्रशासनिक दण्ड, जरिवाना र जफत | आव २०७८/७९ मा १० प्रतिशत र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने |
| **ख** | **वाह्य श्रोत** | |
| | संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण, राजस्व बाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| | प्रदेश सरकार : वित्तीय समानीकरण, राजस्व बाँडफाँड | हरेक वर्ष ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान |
| | अन्य संस्थागत आन्तरिक अनुदान (सडक बार्ड नेपाल, अन्य संघ संस्था आदी बाट प्राप्त हुने) | आर्थिक वर्ष २०७८/७९ मा एकमुष्ठ ५० लाख अनुमान र त्यसपछिका आ.व.मा ५ प्रतिशतले बढ्दै जाने छ |
| | अन्य व्यक्तिगत आन्तरिक अनुदान (योजनाहरुमा जन/लागत सहभागिता) | आगामी आ.व.मा एकमुष्ठ ५ लाख अनुमान र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |

### ७.२ आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

| क.सं. | आय शिर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| १.१ | कर राजस्व | | | | |
| | मालपोत वा भूमिकर | १०००००० | ११००००० | १२१०००० | १३३१००० |
| | सम्पत्ति कर | १०००००० | ११००००० | १२१०००० | १३३१००० |
| | व्यवसाय कर | ५००००० | ६००००० | ७२०००० | ८६४००० |
| | सवारी कर | | ० | ० | ० |
| | घरजग्गा बहाल कर | १०००००० | ११००००० | १२१०००० | १३३१००० |
| | विज्ञापन कर | १०००००० | १०५०००० | ११५५००० | १२७०५०० |
| १.२ | गैरकर राजस्व | | ० | ० | ० |
| | दर्ता तथा नविकरण दस्तुर (सवै प्रकारको) | १०००००० | ११००००० | १२१०००० | १३३१००० |
| | अन्य आय | १०००००० | ११००००० | १२१०००० | १३३१००० |
| | **जम्मा आन्तरिक आय** | **६५००००० ** | **७१५००००** | **७९२५०००** | **८७८९५००** |
| २. | **वाह्य स्रोत** | | | | |
| | संघ शशर्त अनुदान | १५३१००००० | १७५२००००० | १८३९६०००० | १९३१५८००० |
| | संघ समानीकरण अनुदान | ११०४००००० | ११३३००००० | ११८९६५००० | १२४९१३२५० |
| | संघ समपुरक अनुदान | ० | ४२००००० | ४४१०००० | ४६३०५०० |

| क्र.सं. | आय शिर्षक | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ |
|---|---|---|---|---|---|
| | संघ विशेष अनुदान | ७५००००० | १२५००००० | १३१२५००० | १३७८१२५० |
| | प्रदेश शशर्त अनुदान | ९९९४००० | १४५९२००० | १५३२१६०० | १६०८७६८० |
| | प्रदेश समानीकरण | २००२५००० | ९५२२००० | ९९९८१०० | १०४९८००५ |
| | प्रदेश समपुरक अनुदान | ५३२६००० | २९८५७००० | ३१३४९८५० | ३२९१७३४२.५ |
| | प्रदेश विशेष अनुदान | ५०००००० | ० | ० | ० |
| | राजश्व वाँडफाँड संघ | ४९१०५००० | ४९९२८००० | ५२४२४४०० | ५५०४५६२० |
| | राजश्व वाँडफाँड प्रदेश | २४४४१००० | २४०७२००० | २५२७५६०० | २६५३९३८० |
| | **जम्मा वाह्य श्रोत** | **३८४८९१०००** | **४३३१७१०००** | **४५४८२९५५०** | **४७७५७१०२७** |
| | **कूल आय** | **३९१३९१०००** | **४४०३२१०००** | **४६२७५४५५०** | **४८६३६०५२७** |

# परिच्छेद - आठ
# कार्यान्वयन तथा अनुगमन र मुल्याङ्कन

## ८.१ कार्ययोजनाको कार्यान्वयन

सहभागितात्मक पद्दति अपनाई तर्जुमा गरिएको यस राजस्व सुधार कार्ययोजना कार्यान्वयनको लागि पालिकाले राजस्व सुधारसंग सम्बन्धित नीति, रणनीति, उद्देश्य अनुरुप माथि कार्ययोजना खण्डमा उल्लेख गरिएका कार्यक्रम तथा कियाकलापहरुको लागि आवश्यक खर्चलाई बिनियोजन वजेटमा समावेश गरी कार्यान्वयन गर्न आवश्यक छ । कार्ययोजनामा उल्लेख भएका कार्यक्रम तथा कियाकलापहरु सम्पादन हुन नसकेमा त्यसले प्रक्षेपण गरिए बमोजिम आय सङ्कलनमा प्रभाव पार्न सक्दछ । यसका अतिरिक्त राजस्व सुधार कार्ययोजनाका निश्चित कार्य गर्न अन्य सहयोगी निकाय तथा परियोजनाहरुवाट पनि सहयोग लिन सकिन्छ ।

पालिकालाई प्राप्त राजस्व अधिकारहरु मध्ये कतिपय अधिकारहरु विगतको तुलनामा निकै फरक भएकाले राजस्व ब्यवस्थापनलाई त्यस अनुरुप सुधार गर्नुपर्ने देखिन्छ । तसर्थ राजस्व सुधार कार्य योजनामा उल्लेख भएका कियाकलापहरुलाई पनि प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु आवश्यक छ ।

## ८.२ कार्ययोजनाको अनुगमन तथा मुल्याङ्कन

स्थानीय सरकार सञ्चालन ऐनको ब्यवस्था अनुसार गठन भएको राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी अन्तरिक आम्दानीका स्रोतहरु अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिलाई आय अनुमान गर्ने कार्यमा यो राजस्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । यो राजस्व सुधार कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कनको लागि निम्न चार तहको अनुगमन तथा मूल्याङ्कन ब्यवस्था सिफारिस गरिएको छ ।

### (क) कार्यालय स्तरको अनुगमन

यो स्तरको अनुगमन तथा मूल्याङ्कनको लागि प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा/ उप शाखा तथा अन्य सम्बन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार बनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्ने तर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

### (ख) राजस्व परामर्श समितिवाट अनुगमन तथा मूल्याङ्कन

राजस्व परामर्श समितिले चौमासिक रुपमा राजस्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय सङ्कलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षको लागि आयको अनुमान गर्ने कार्य पूर्व भएका गरेका कार्यको मूल्याङ्कन गरी स्रोत, दर तथा दायरामा सुधारको लागि कृयाकलाप सिफारिस गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु उपयुक्त हुन्छ । यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजस्व सुधार योजनाको समिक्षा गरिनु आवश्यक छ ।

### (ग) कार्यपालिकावाट अनुगमन तथा मूल्याङ्कन

कार्यपालिकाको बैठकले राजस्व परामर्श समितिबाट प्रस्तुत गरेका सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्ने कार्य यस अन्तर्गत पर्दछ । छलफलको क्र  ममा राजस्व सुधार कार्ययोजना तथा आय असुली अवस्थाको समीक्षा गरी आवश्यकताको आधारमा नीतिगत तथा कार्यगत निर्णय लिनु आवश्यक छ ।

**(घ) वाह्य अनुगमन तथा मूल्याङ्कन**

राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजीकरण गर्ने चाहने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, दातृ निकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन् । यस्तो अनुगमन प्रणालीको स्थापनाले स्थानीय सरकारको अनुगमन तथा प्रतिवेदन गर्ने क्षमतामा विकास हुनेछ । राजस्व प्रशासनसंग सम्बन्धित तथ्याङ्क बाहेक योजना कार्यान्वयन प्रकृयाको अनुगमन तथा करदाताहरुको भावना तथा बिचार सङ्कलन पनि अनुगमनको मुख्य विधि बनाउन सकिन्छ ।

अनुसूची

अनुसूची १

## *राजस्व सुधार कार्य योजना तयारीका लागि सूचना संकलन फाराम*

**पालिकाको नामः** **राजस्व शाखा प्रमुखको नामः**

**नोटः सबै रकम रु हजारमा भरिदिनुहोला ।**

**१. पालिकालाई प्राप्त आन्तरिक राजस्व अधिकार र परिचालनको अवस्थाः**

| आय शीर्षकहरू | सम्भावना (भएको/नभएको) | बैठकबाट दर निर्धारण (भएको/नभएको) | पालिकाबाट संकलन (भएको/नभएको) |
|---|---|---|---|
| **क) कर राजस्व** | | | |
| ● सम्पत्तिमा आधारित कर –मालपोत वा भूमिकर | | | |
| ● सम्पत्तिमा आधारित कर –सम्पत्तिकर | | | |
| ● व्यवसाय कर | | | |
| ● सवारी कर | | | |
| ● घरजग्गा बहाल कर | | | |
| ● विज्ञापन कर | | | |
| ● मनोरञ्जन कर | | | |
| **(ख) गैर कर राजश्व** | | | |
| ● सवारी पार्किङ्ग शुल्क | | | |
| ● खानेपानी महशुल | | | |
| ● विद्युत महसुल | | | |
| ● वहाल विटौरी शुल्क | | | |
| ● पर्यटन सेवा शुल्क | | | |
| ● फोहरमैला व्यवस्थपन शुल्क | | | |
| ● प्राकृतिक स्रोतः ढुङगा, गिटि, बालुवा, माटो, दहत्तर बहत्तर बिक्रि | | | |
| ● ढल निकास सेवा शुल्क | | | |
| ● सार्वजनिक शौचालय सेवा शुल्क | | | |
| ● हाटवजार सेवा शुल्क | | | |
| ● पशुवधशाला सेवा शुल्क | | | |
| ● सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | | | |
| ● सडक बत्ती सेवा शुल्क | | | |
| ● अतिथि गृह सेवा शुल्क | | | |
| ● अचल सम्पत्ति मूल्यांकन शुल्क | | | |
| ● दर्ता तथा नविकरण दस्तुर | | | |

| आय शीर्षकहरू | सम्भावना (भएको/नभएको) | बैठकबाट दर निर्धारण (भएको/नभएको) | पालिकाबाट संकलन (भएको/नभएको) |
|---|---|---|---|
| ● नक्सापास दस्तुर | | | |
| ● सिफारिस तथा बक्सौनी दस्तुर | | | |
| ● नाता प्रमाणित दस्तुर | | | |
| ● अन्य प्रमाणित दस्तुर | | | |
| ● लिलाम विक्री | | | |
| ● सार्वजनिक निजी साझेदारी | | | |
| ● अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्वर आदि) | | | |
| ● साँवा, ब्याज, लाभांस र वोनस | | | |
| ● भाडा तथा वहाल | | | |
| ● मेसिन तथा औजार भाडा | | | |
| ● सभागृह भाडा | | | |
| ● ताल, पोखरी तथा जग्गा भाडा | | | |

**१.१ पालिकाले माथि उल्लेखितबाहेक कुनै थप आन्तरिक राजस्व उठाएको भएमा सो को विवरण :**

**क.**

**ख.**

**ग.**

**२. पालिकाले आन्तरिक आय उठाउन सक्ने तर हाल सम्म नउठाएका आय शिर्षकहरु तथा सो को परिचालन गर्ने उपाय**

| सम्भाब्य भए पनि हालसम्म नउठाएका आय शिर्षकहरु | लागु नहुनुको कारण | परिचालन गर्ने उपाय |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

३. राजस्व परिचालन सम्बन्धी नीतिगत व्यवस्थाः

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारकोलागि गर्नु पर्ला ? |
|---|---|---|
| **संगठनात्मक व्यवस्था** | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | | |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? | | |
| राजस्व शाखामा हालको पदपुर्तिको अवस्था कस्तो छ ? | | |
| कर्मचारीको क्षमता विकासकोलागि के गरिएको छ ? | | |
| राजस्व प्रशासन शाखाले गर्ने काम तोकिएको छ ? | | |
| कर्मचारीहरुलाई जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युट मसलन्द आदिको व्यवस्था कस्तो छ ? | | |
| राजस्व संकलन गर्न सफ्टवयरको प्रयोग छ ? | | |
| कुन कुन शीर्षकको राजस्व संकलन वडा बाट हुन्छ ? | | |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ?, एसएमएस, इमेल, टेलिफो आदि) | | |
| **राजस्व प्रशासन संचालन अवस्था** | | |
| करदाता अभिलेख आवश्यक पर्ने स्रोतहरु (सम्पत्ति, व्यवसाय, विज्ञाप वहाल आदि) को करदाताहरुको अभिलेख व्यवस्था कस्तो छ ? | | |
| पालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण छ छैन ?स्था सम्पत्तिहरुको परिचालन कस्तो छ ? | | |
| कर निर्धारणकोलागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांक कत्तिको सहि रुपमा भएको छ ? मूल्यांकन अनुसार कर निर्धारण भएको छैन ? | | |
| राजश्व चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् ?र तिन नियन्त्रणकोलागि कस्तो नीति लिईएको छ ? | | |
| कानुनी व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | | |
| समयमा राजश्व तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस सबै आयस्रोतहरुमा कसरी लागु गरिएको छ ? | | |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकमबारे जानकारी गराउने व्यवस के छ र कत्तिको प्रभावकारी छ ? | | |
| नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो उजुरी गर्नेसक्ने व्यवस्था के कस्तो छ ? | | |
| राजश्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असु अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | | |
| राजस्व बढाउन सार्वजनिक निजी साझेदारीमा के गरिएको छ, के ग सकिन्छ? | | |
| **सूचना तथा समन्वय** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो क गरिएको छ ?(शिक्षा मूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साइ आदि) | | |
| करको दर निर्धारण तथा समिक्षामा सरोकारवालाहरुको सहभागीता कस छ ? | | |

| | | |
|---|---|---|
| राजस्व परामर्श समितिको प्रभावकारीता कस्तो छ ? | | |
| राजश्व असुलीमा सरोकारवालाहरु कतिको सकारात्मक रुपमा सहभा हुन्छन्? | | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | | |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | | |
| गाँउपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन?छ भ कुन कुन समयमा ? कसरी हुन्छ ? | | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजु कसरी संवोधन भएका छन् ? | | |

**निष्कर्षः पालिकाले राजस्व परिचालनको अवस्थामा सुधार ल्याउन पालिका आफैले के गर्न सक्छ ?**

क.

ख.

ग.

घ.

**निश्कर्षः**

| **सम्भाब्यता पहिचान पछि आय संकलनमा ठुलो खाडल (GAP)देखिएका आय शिर्षकहरु** | **खाडल ठुलो हुनुको कारण** | **समाधानका उपायहरु** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

**४. पालिकाको आय विवरण**

| क.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ जेक्ष्ठ मसान्त सम्मको | २०७७/७८अनुमान |
| **१** | **आन्तरिक आय** | | | | | |
| १.१ | कर राजस्व | | | | | |
| | मालपोत वा भूमिकर | | | | | |
| | सम्पत्तिकर | | | | | |
| | व्यवसाय कर | | | | | |
| | सवारी कर | | | | | |
| | घरजग्गा बहाल कर | | | | | |
| | विज्ञापन कर | | | | | |
| | मनोरञ्जन कर | | | | | |
| १.२ | गैरकर राजस्व | | | | | |
| १.२.१ | सेवा शुल्क | | | | | |
| | सवारी पार्किङ्ग शुल्क | | | | | |
| | खानेपानी महशुल | | | | | |
| | विद्युत महसुल | | | | | |
| | टेलिफोन महसुल | | | | | |
| | पर्यटन सेवा शुल्क | | | | | |
| | फोहरमैला व्यवस्थापन शुल्क | | | | | |
| | ढल निकास सेवा शुल्क | | | | | |
| | सार्वजनिक शौचालय सेवा शुल्क | | | | | |
| | हाटवजार सेवा शुल्क | | | | | |
| | पशुवधशाला सेवा शुल्क | | | | | |
| | सार्वजनिक संरचना मर्मत सम्भार शुल्क | | | | | |
| | सडक बत्ती सेवा शुल्क | | | | | |
| | अतिथी गृह सेवा शुल्क | | | | | |
| | अचल सम्पत्ति मूल्यांकन शुल्क | | | | | |
| १.२.२ | दस्तुर | | | | | |
| | दर्ता तथा नविकरण दस्तुर | | | | | |
| | नक्सापास दस्तुर | | | | | |

| क.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ जेक्ष्ठ मसान्त सम्मको | २०७७/७८अनुमान |
| | सिफारिस तथा बक्सौनी दस्तुर | | | | | |
| | नाता प्रमाणित दस्तुर | | | | | |
| | अन्य प्रमाणित दस्तुर | | | | | |
| १.२.३ | विक्री | | | | | |
| | प्राकृतिक स्रोतः ढुङगा, गिटि, बालुवा, मात दहत्तर बहत्तर बिक्रि | | | | | |
| | चालु सम्पत्ति लिलाम विक्री | | | | | |
| | स्थायी सम्पत्ति विक्री | | | | | |
| १.२.४ | स्रोत परिचालन | | | | | |
| | सार्वजनिक निजी साझदारी | | | | | |
| | अन्य स्रोत परिचालन (नक्सा फाराम, फोटोकपी, प्रोफाईल, घरनम्बर आदि ) | | | | | |
| १.२.५ | साँवा, ब्याज, लाभांस र वोनस | | | | | |
| १.२.६ | अन्य आय | | | | | |
| | भाडा तथा वहाल | | | | | |
| | मेसिन तथा औजार भाडा | | | | | |
| | सभागृह भाडा | | | | | |
| | ताल, पोखरी तथा जग्गा भाडा | | | | | |
| | दण्ड जरिवाना | | | | | |
| | धरौटी फिर्ता | | | | | |
| | पेश्की फिर्ता | | | | | |
| **२.** | **वाह्य स्रोत** | | | | | |
| २.१ | अनुदान | | | | | |
| २.१.१ | नेपाल सरकारबाट अनुदान | | | | | |
| | शशर्त अनुदान | | | | | |
| | समानीकरण अनुदान | | | | | |
| | अन्य नगद अनुदान | | | | | |
| | समपुरक अनुदान | | | | | |
| | विशेष अनुदान | | | | | |
| | प्रदेश सरकारबाट अनुदान | | | | | |

| क्र.सं. | आय शिर्षक | यथार्थ आय (आ.ब.) | | | | |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ जेक्ष्ठ मसान्त सम्मको | २०७७/७८अनुमान |
| | शशर्त अनुदान | | | | | |
| | समानीकरण अनुदान | | | | | |
| | समपुरक अनुदान | | | | | |
| | विशेष अनुदान | | | | | |
| २.१.२ | राजश्व बाँडफाँड | | | | | |
| | संघ | | | | | |
| | प्रदेश | | | | | |
| २.१.३ | अन्य अनुदान | | | | | |
| | | | | | | |

**५. सम्भाव्यताको लागि आधारभूत तथ्यांक (प्रोफाईल भएमा प्रोफाईल बाट नभएमा जानकारहरु सँग छलफल गरी भर्ने)**

**१. घरको विवरण**

| क.सं. | घरको वर्गीकरण | घर संख्या | बहालमा भएको संख्या |
|---|---|---|---|
| १ | कच्चीघर (कच्ची जोडाई भई कच्ची छाना भएको) | | |
| २ | कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : एक तले | | |
| ३ | कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : दुई तले | | |
| ४ | कच्ची जोडाई भई ढलाई वा टिनको छाना भएको : दुई तले भन्दा माथी | | |
| ५ | पिलर सिस्टम नभएको पक्कि घर : एक तले | | |
| ६ | पिलर सिस्टम नभएको पक्कि घर : दुई तले | | |
| ७ | पिलर सिस्टम नभएको पक्कि घर : तीन तले | | |
| ८ | पिलर सिस्टम नभएको पक्कि घर : तीन तले भन्दा माथी | | |
| ९ | पिलर सिस्टम भएको पक्कि घर : एक तले | | |
| १० | पिलर सिस्टम भएको पक्कि घर : दुई तले | | |
| ११ | पिलर सिस्टम भएको पक्कि घर : तीन तले | | |
| १२ | पिलर सिस्टम भएको पक्कि घर : तीन तले भन्दा माथी | | |
| १३ | व्यापारीक तथा औद्योगिक प्रयोजनका लागि निर्मित घर<br>*(नोटः व्यपारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)* | | |
| **जम्मा** | | | |

**२. जग्गाको विवरण**

| क.सं. | जग्गाको किसिम | क्षेत्रफल (विघा, कठ्ठा) | जम्मा |
|---|---|---|---|
| १ | ब्यापारिक, ब्यवसायिक(कालो पत्रे सडकले छोएको) | | |
| | ब्यापारिक, ब्यवसायिक(ग्राभेल सडकले छोएको) | | |
| | ब्यापारिक, ब्यवसायिक(कच्चि सडकले छोएको) | | |
| २ | कृषि (नगदे बालि हुने सडकले छोएको)) | | |
| | कृषि (नगदे बालि हुने सडकले नछोएको)) | | |
| | कृषि ( परम्परागत बालि हुने सडकले छोएको)) | | |
| | कृषि ( परम्परागत बालि हुने सडकले नछोएको)) | | |
| ३ | माथि नपरेको (कमसल) | | |
| **जम्मा** | | | |

**३. पालिकाको स्वामित्वमा रहेको जग्गा जमिन वा भौतिक निर्माण**

| क.सं. | स्थान वा भौतिक निर्माण विवरण | संख्या/क्षेत्रफल | परिचालनको अवस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

**४. पालिकाको स्वामित्वमा रहेकोसवारी साधनको विवरण**

| क.सं. | सवारी साधन | संख्या | कैफियत |
|---|---|---|---|
| १ | बस, | | |
| २ | ट्रक, | | |
| ३ | टिप्पर | | |
| ४ | ट्याक्टर | | |

| | | | |
|---|---|---|---|
| ५ | अन्य हेभी गाडी | | |
| ६ | | | |
| ७ | | | |
| **जम्मा** | | | |

**५. पालिका । वडा क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण**

| **क.सं.** | **व्यापार व्यवसायको विवरण** | **संख्या** | | **कैफियत** |
|---|---|---|---|---|
| | | **थोक** | **खुद्रा** | |
| ***१*** | ***व्यापारिक वस्तु*** | | | |
| १.१ | चुरोट, रक्सि, ज्वेलरी | | | |
| १.२ | निर्माण सामाग्री, कम्प्युटर विधुत्त सामान, क्यामेरा, टेलिभिजन, रेडियो, कार्पेट, पेट्रोलियम पदार्थ | | | |
| १.३ | खाद्य पदार्थ, कपडा पसल | | | |
| १.४ | सवारी साधन | | | |
| ***२*** | ***विशेषज्ञ परामर्श तथा अन्य व्यावसायिक सेवा*** | | | |
| २.१ | चिकित्सक, इन्जिनियर, कानुन व्यवसायी, लेखा परिक्षक, परामर्शदाता, बीमा एजेन्ट, सर्भेयर, अनुवादक, शेयर दलाल, सामान ढुवानीकर्ता तथा कम्पनी | | | |
| २.२ | संस्थागत पेन्टर | | | |
| ३ | निर्माण व्यवसाय (प्रधान कार्यालय भएको) | | | |
| ४ | उत्पादनमूलक उद्योग | | | |
| ५ | उर्जामूलक उद्योग | | | |
| ६ | कृषि तथा वन जन्य उद्योग | | | |
| ७ | खनिज उद्योग | | | |
| ८ | पर्यटन उद्योग | | | |
| ९ | सेवा उद्योग | | | |
| १० | निर्माण उद्योग | | | |
| ***११*** | ***संचार सेवा*** | | | |
| ११.१ | निजी क्षेत्रको हुलाक, कुरियर, फोन, इमेल, इन्टरनेट | | | |
| ११.२ | छपाई तथा प्रकाशन | | | |
| ***१२*** | ***बित्तीय सेवा*** | | | |
| १२.१ | बाणिज्य बैंक (नेपाल सरकारको पुर्ण स्वामित्व बाहेक) | | | |
| १२.२ | वित्तीय कम्पनी (मुख्य कार्यालय भएको) | | | |
| १२.३ | बीमा कम्पनी | | | |
| १२.४ | वित्तीय कम्पनी (शाखा कार्यालय), मनि एक्सचेन्ज, शेयर कारोबार | | | |
| १२.५ | सहकारी बैंक | | | |
| ***१३*** | ***स्वास्थ्य सेवा*** | | | |
| १३.१ | गैरसरकारी अस्पताल, नर्सिङ्ग होम | | | |
| १३.२ | क्लिनीक तथा ल्याव | | | |
| ***१४*** | ***शिक्षा सेवा*** | | | |
| १४.१ | निजी क्षेत्रका स्कुल, क्याम्पस, विश्वविद्यालय | | | |
| १४.२ | तालीम तथा अनुसंधान केन्द्र | | | |
| ***१५*** | ***मर्मत सम्भार सेवा*** | | | |
| ***१६*** | ***अन्य सेवा*** | | | |
| १६.१ | विज्ञापन, व्यूटी पालैर, सैलुन, फोटो स्टुडियो, पेन्टर, बिकेता (मासु, फूल विरुवा, | | | |

| | | | | |
|---|---|---|---|---|
| | सिसा, प्लाईउड, भाँडाकुडाँ, खेलौना, गिफ्फट), पुल हाउस | | | |
| १६.२ | बैदेशिक रोजगार | | | |
| १६.३ | स्वदेशिक रोजगार | | | |
| १६.४ | रियस स्टेट | | | |
| १६.५ | पशु बधशाला | | | |
| १६.६ | स्टिल काठ फर्निचर | | | |
| १६.७ | केबुल नेटवर्किङ्ग | | | |
| ***१७*** | ***अन्य व्यवसाय*** | | | |
| १७.१ | पार्क, पिकनिक स्पट | | | |
| १७.२ | टुर अपरेटर | | | |
| १७.३ | मथि उल्लेखति नभएको ............................... | | | |
| १७.४ | मथि उल्लेखति नभएको ............................... | | | |
| १७.५ | मथि उल्लेखति नभएको ............................... | | | |

**६ पालिका तथा वडाको स्वामित्वमा रहेको वा सार्वजनीक स्थानमा भएको पार्किङ्ग विवरण**

| क.सं. | पार्किङ्ग क्षेत्र, स्थान | सवारी साधन | सवारी पार्किङ्ग संख्या (दैनिक) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | अधिकतम | न्यूनतम | औसत | |
| | | बस, ट्रक, ट्रेक्टर | | | | |
| | | मिनिवस | | | | |
| | | कार र टेम्पो | | | | |
| | | अन्य | | | | |

**७. पालीका तथा वडाले उपलब्ध गराउने विभिन्न सेवा विवरण**

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | हालको अवस्था (आय) |
|---|---|---|---|
| १ | खानेपानी | | |
| २ | फोहरमैला व्यवस्थापन | | |
| ३ | सडक बत्ती | | |
| ४ | ढल निकास | | |
| ५ | सार्वजनीक शौचालय | | |
| ६ | हाट बजार | | |
| ७ | पोखरी | | |
| ८ | पशु बधशाला | | |
| ९ | अन्य (जात्रा मेला) | | |
| १० | अन्य ................. | | |
| **जम्मा** | | | |

**८. पालीका भित्र रहेका पार्क तथा सम्भावित पर्यटकीय स्थलहरुको विवरण**

**१.**

**२.**

**३.**

अनुसुची २

**माइन्युटिङ प्रतिलीपि**